स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था नरहेको र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन । पालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु ३०००० का दरले १२ महिनाको पारिश्रमिक, चाडपर्व खर्च र पोशाक समेत रु. ४००००० भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिनुपर्नेमा कार्य विवरण तथा निजको कार्य सम्पादनको अभिलेख समेत नराखि खर्च लेखेको नियमसम्मत नदेखिएको रु

अनियमित भएको	४,००,०००

२० **अनुगमन भत्ता**

भौचर नं ११७० मिति २०८२।३।२५ कोशी प्रदेशको गाँउ तथा नगर सभा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसुची १(क) मा गाँउपालिकाका पदाधिकारीहरुको अनुगमन भत्ताको व्यवस्थाका आधारमा मासिक रुपमा सेवा सुविधामा अनुगमन भत्तालाई समावेश गरी उपलब्ध गराएको देखिन्छ। साथै कर्मचारीले अनुगमन भत्ता पाउने व्यवस्था कानुनमा नरहेकोमा तपशिलका पदाधिकारीहरु र कर्मचारीहरुले विभिन्न कार्यक्रम तथा तालिममा अनुगमन भत्ता लिएको रकम असुल हुनुपर्ने रु.

सि.नं	पद	नाम, थर	कर कट्टि पछिको रकम
१	अधिकृत छैटौ	अरुण कुमार राय	१२७५०
२	का. पा. सदस्य	कविता चौधरी	१२७५०
३	सहायक पाचौ	गणेश प्रसाद चापागाइ	४२५०
४	अध्यक्ष	जीवछ कुमार राय	१२७५०
५	सहायक पाचौ	दिनेश कुमार शाह	१७००
६	वडाध्यक्ष	दिल वहादुर गुरुङ	१२७५०
७	उपाध्यक्ष	नितु कुमारी चौधरी	१२७५०
८	सहायक चौथो	रन्जना चौधरी	१७००
९	प्रमुख प्रशासकीय अधिकृत	रविन्द्र कुमार महत	१२७५०
१०	सहायक पाचौ	राधेश्याम मण्डल	४२५०
११	अधिकृत सातौ	रोशन प्रसाद गुप्ता	१२७५०
१२	सहायक चौथो	शशि शेखर पंडित	१७००
१३		अनुजा ऐनी झा	१७००
१४		रजन कुमार जयसवाल	१७००
	जम्मा		१०६२५०

असुल गर्नुपर्ने	१,०६,२५०

२१ **खर्चको प्रमाण पुष्टयाइ**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेकोमा पालिकाले देहायका कर्मचारी/पदाधिकारी/फर्म/ कम्पनीहरुलाइ विभिन्न रकम भुक्तानीमा खर्च पुष्टयाइ र वितरण भर्पाइ नभएकोले पुष्टयाइ प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु

क्र.स.	गोश्वारा भौचर र मिति	विवरण	भुक्तानी भएको	रकम	कैफियत
१.	१८-२०८१/ ४/ ३१(गा.पा.चालु)	हाम्रो वर्जु राम्रो बर्जु कार्यक्रम सञ्चालन	अभियान बोर्डकाष्टिङ् नेटवर्क प्रा.ली.	५६५००	प्रसारको प्रमाण पेश नरहेको
२.	३२-२०८१/ ५/ ५(गा.पा.चालु)	सवारी साधन भाडा	रोसन प्रसाद गुप्ता	१००००	सम्बन्धित सवारी धनीलाइ भुक्तानी गरेको प्रमाण पेश नभएको
३.	८६-२०८१/ ५/ २६(गा.पा.चालु)	गाउँ शिक्षा समिति बैठक भत्ता	बाबुराम कार्की	३४८५०	शिक्षा समितिका पदाधिकारीहरुलाइ वितरण गरेको भरपाइ नभएको
४.	३४०/ २०८१/ ७/ १४(गा.पा.चालु)	पोलबत्ती जडान तथा मर्मत	न्यू सुपरभिजन टेक सोलुसन	८९३०४	खरिद आदेश दाखिला प्रमाण पेश नभएको
५.	४०७/ २०८१/ ८/ १०(गा.पा.चालु)	प्रधानाध्यापकहरुको बैठक भत्ता	बाबुराम कार्की	८४०००	प्र.अ.हरुलाइ बैठक भत्ता वितरणको भरपाइ पेश नभएको
६.	११५०/ २०८२/ ३/ २५(गा.पा.चालु)	जनप्रतिनिधिहरुको अवलोकन भ्रमण खर्च	मिलन खतिवडा	६००००	भ्रमण लाइ पुष्ट्याइ गर्ने कागजात तथा प्रतिवेदन पेश नभएको
७.	१०२४/ २०८२/ 0३/ १२(गा.पा.चालु)	प्र.अ.बैठक भत्ता	हेमराज दाहाल	९००००	खर्च पुष्ट्याइ प्रमाण पेश नभएको
८	११९९।२०८२।३।२२(गा.पा.चालु)	गाउसभा वैठक भत्ता	सन्तोष वन्जारा	११९०००	वितरण भर्पाइ पेश नभएको
९	१०६६।२०८२।३।१९(गा.पा.चालु)	मालपोत कार्यालय अभिलेख व्यवस्थापन	विविध खाता कोलेनिका सुनसरी	१०००००	खर्च पुष्ट्याइ प्रमाण पेश नभएको
१०	८३०/ २०८२/ १/ ४(गा.पा.चालु)	वडा नं. ६ का कृषकहरुलाइ स्प्रे मेसिन खरिद ४० थान	समृद्धि ट्रेड एण्ड सप्लायर्स	१८७१९९	वितरण भरपाइ पेश नभएको
११	१०७२/ २०८२/ ३/ २०(गा.पा.चालु)	वडा नं. ३ त्रिपाल खरिद ४० थान	मिसन सप्लायर्स	८८०००	वितरण भरपाइ पेश नभएको
१२	११३५/ २०८२/ ३/ २४ (गा.पा.चालु)	वडा नं. ५ त्रिपाल खरिद ४० थान	विश्वकर्मा हार्डबिर एण्ड सप्लायर्स	८८०००	वितरण भरपाइ पेश नभएको
१३	११४०/ २०८२/ ३/ २४ (गा.पा.चालु)	वडा नं. ४ का अति विपन्न तथा दलित नागरिकहरुलाइ ट्युवेल खरिद तथा वितरण २८ सेट	दिवान्स ट्रेड एण्ड सप्लायर्स	१८९८४०	पहिचान सहित वितरण भरपाइ पेश नभएको
१४	२१।२०८१।७।५ प्रकोप कोष	त्रिपाल खरिद ३४ थान	विश्वकर्मा हार्डवियर	६६०९५	वितरण भरपाइ पेश नभएको

			एण्ड सप्लायर्स		
१५	६४२।२०८१/११/२२ (गापा चालु)	*.विद्यार्थीको प्रतिभा पहिचान कार्यक्रम*	प्राविधिक सहायक हेमराज दाहाल	२६००००	*पेश्की फछ्र्यौटमा खर्च पुष्टयाइ नभएको*
१७	११६३/२०८२/३/२५(गापा चालु)	विद्यालय नाम नखुलेको	न्यू बालाजि फर्निचर	४०००००	स्कुल डेक्स बेन्च,अफिस टेवल, सेतोपाटी लगायतका सामान विद्यालयले दाखिला गरेको प्रमाण नरहेको
१८	६०९।२०८१/११/१(गा.पा.चालु)	वडा नं. २का कृषकहरुको लागि स्प्रे मेशिन खरिद	०	९९४४०	2 in 1 स्प्रे मेसिन २० थान दिएको आधार प्रमाण पेश नभएको
१९	४३/२०८१/६/२०	वडा नं. २राय टोलमा बैकल्पिक सडक मर्मत	चुरियामाइ निर्माण सेवा	१७६५०	खर्च पुष्टि प्रमाण पेश नभएको
२०	२८/२०८१/०६/०१	वडा नं. ३ को लागि सिमेन्टको फलैचा खरिद	सदगुरु रिङ, पिल्लर टायल उद्योग	९८३४९	खर्च पुष्टि प्रमाण पेश नभएको
२१	९/२०८१/४/२९(गा.पा.चालु)	गा.पा.कार्यालयको झ्यालढोका मर्मत	राज इन्ट्रेरियल	५९१४६	खर्च पुष्टि प्रमाण पेश नभएको

प्रमाण पेश नगरेको	२१,०९,३७३

२२ **स्रोतमा करकट्टी**

आयकर ऐन,२०५८ को दफा ८८ र ८९ वमोजिम देहायका व्यक्ती फर्मलाइ भुक्तानी भएको रकममा अग्रिम कर कट्टी नभएको रकम असुल हुनुपर्ने रु..

कामको विवरण	भुक्तानी पाउने	भुक्तानी रकम	कर कट्टी गर्नुपर्ने	गरेको	नपुग	कैफियत
गाडी भाडा ढुवानी	न्यू विश्वकर्मा मोटरसाइकल ग्यारेज एण्ड ट्राभल्सका गाडि धनि सुमित पण्डित	२११५००	२११५०	५२८८	१५८६२	
वजार अनुगमन	निता कुमारी चौधरी	३३०००	३३००	०	३३००	वजार अनुगमनको गाडी भाडामा कर कट्टि नभएको

असुल गर्नुपर्ने	१९,१६२

२३ **कम्मल खरिद**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ।गणेश प्रसाद चापागाइले लिएको रु १००००० को संलग्न पेश्की फछ्र्यौटमा ७० थान व्लाङकेट खरिद गरि प्रणव ट्रेडर्सलाइ रु ९८८७५ भुक्तानी दिइ ३ नं वडाका ७० जना एकल महिलालाइ कम्मल वितरण गरेको भर्पाइ संलग्न गरि पेश्की फछ्र्यौट गरेकोमा ३ नं वडा भित्रका एकल महिलाको अभिलेख नरहेको र वितरण गरेका महिलाहरुको छनौटको आधार र सिफारिस पेश नगरि खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,००,०००

२४ **गैरसरकारी संस्थाबाट खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। पालिकाले यस वर्ष विभिन्न गैर सरकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गराई खर्च लेखेकोमा कार्यक्रम संचालन गर्ने कतिपय संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ। साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाइयो। आगामी कार्यालय सञ्चालन तथा संस्थागत विकास कार्यक्रम सम्भव भएसम्म पालिका आफै सञ्चालन गर्ने जसले खर्चमा मितव्ययिता कायम हुने देखिन्छ भने गैरसरकारी संस्था मार्फत नै गराउनु पर्ने भएमा खरिद कानूनको पालना गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। केही उदाहरण

क्र.स.	गोश्वारा भौचर नं / मिति	कार्यक्रमको नाम	खर्च रकम
१.	८-२०८१/४/२९(गा.पा.चालु)	बुटिक बनाउने तालिम सञ्चालन	२४६४९८
२.	२०-२०८१/४/३१(गा.पा.चालु)	कम्प्यूटर तालिम सञ्चालन	४९४९४०
३.	६९- २०८१/५/२४(गा.पा.चालु)	चप्पल तथा जुत्ती बनाउने तालिम	४९२६८०
४.	१६४-२०८१/६/१६(गा.पा.चालु)	महिला शसक्तीकरण कार्यक्रम	१०००००
५.	४९८/२०८१/१०/४(गा.पा.चालु)	वडा नं. २ का युवाहरुलाइ कम्प्यूटर सम्बन्धी तालिम	१९७१८५
६.	५६३/२०८१/१०/३०(गा.पा.चालु)	वडा नं. १ का महिलाहरुलाइ अचार वनाउने तालिम	१०००००
७.	१११९/२०८२/३/२३(गा.पा.चालु)	वडा नं. ६ का लक्षित बर्गलाइ बाँसको डाइनिङ टेवल तथा मुडा बनाउने तालिम	२४७५००
८.	११८१/२०८२/३/२६(गा.पा.चालु)	सार्वजानिक परिक्षण कार्यक्रम	२९६०६०
९.	८१५/२०८१/१२/३१(गा.पा.चालु)	वडा नं. ६ का युवाहरुलाइ कम्प्यूटर तालिम	२४७५००
१०.	१०४७/२०८२/३/१६(गा.पा.चालु)	वडा नं. ३ का महिलाहरुलाइ ब्युटिपालर तालिम	१९४५००
११.	२०९/२०८२/३/२४(शशर्त चालु)	किशोर किशोरीहरुलाइ सूचना प्रविधि तालिम	४८७४८२
१२.	२८१/२०८१/६/२३(गा.पा.चालु)	विपद व्यावस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम	१९८४२८
१३	२१७।२०८१।०६।२०	मेसिन तथा सफ्टवेयर खरिद	२२३०६२।
१४	२८१।२०८१।०६।२३	विपद व्यवस्थापन सम्बन्धी तालिम	१९८४२८।

२५ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउनुपर्ने र नियमावलीको नियम ३९(१३) मा को.ले.नि.का.बाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेकोमा गतवर्षको भुक्तानी दिन वाकीको खाता तथा कच्चावारी (मलेपफानं २२१) प्रमाणित तथा यस वर्षको वजेटमासमेत गत वर्षको भुक्तानी दिन वाकीको व्यवस्था नगरी देहायका व्यक्ति फर्महरुलाइ भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु

भौचर नं र मिति	फर्म तथा व्यक्तिको नाम	विजक नं र मिति	खर्च रकम
१०१०।२०८२।३।८	कान्तिपुर मिडिया सर्भिसलाइ मध्यान्न पत्रिकामा सूचना प्रकाशन गरेवापत	६७ मिति २०८०।९।६	१७४८११
११२०।२०८२।३।२३	कान्तिपुर मिडिया सर्भिसलाइ मध्यान्न पत्रिकामा सूचना प्रकाशन गरेवापत	०५ मिति २०८०।५।१० र ३८ मिति २०८०।७।१७	१९५३६५
१०५९।२०८२।३।१६	युग पव्लिकेशनलाइ मध्यान्न पत्रिकामा सूचना प्रकाशन गरेवापत	१४५ मिति २०८१।२।२८	१४२३८०
१०२८।२०८२।३।१५	स्वास्थ्य चौकी घरभाडा सविना चौधरीलाइ	२०८० श्रावण देखि मंसिर सम्म मासिक ४० हजारका दरले	२०००००
७५२।२०८१।१२।२३	सफ्टवेयर सञ्चालन शुल्क	२०८०।८१ को	२५००००
		जम्मा	९६२५५६
		अनियमित भएको	९,६२,५५६

२६ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार पदाधिकारीले सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने विल भरपाई संलग्न गर्नुपर्ने व्यवस्था रहेकोमा देहायका कर्मचारी/पदाधिकारी/फर्म/कम्पनी लाई संलग्न विल भर्पाइ भन्दा वढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु

क्र.स.	गोश्वारा भौचर नं र मिति	भुक्तानी लिनेको नाम	संलग्न विल भर्पाइ	खर्च रकम	वढी भुक्तानी	कैफियत
१.	२०/ २०८१/ ४/ ३१ (गा.पा.चालु)	अक्सफोर्ड टेक्निकल इष्टिच्यूट	४८५९००	४९४९४०	९०४०	आर्थिक प्रस्तावको रकम जोडाइमा फरक पारेर बढी भुक्तानी भएको
२.	१४३/ २०८१/ ६/ ८ (गा.पा.चालु)	सगरमाथा स्टेशनरी एण्ड जनरल सप्लायर्स	९१९५३	१२८९६०	३७००७	कार्यालय सञ्चालन सामाग्री खरिदको रकम भुक्तानी दिदा बढी भुक्तानी
३.	१४८। २०८१/ ६/ ८ (गा.पा.चालु)	कैलाशराज के.सी.	३५०००	३३७१०	१२९०	विश्वकर्मा पुजाको रकम भुक्तानी दिदा विल भरपाइ भन्दा बढी भुक्तानी
४.	३४२/ २०८१/ ७/ १४(गा.पा.चालु)	मिलन खतिवडा	१०७४२०	११३०००	५५८०	विपद व्यावस्थापन अन्तर्गत राहात वितरणमा विल भरपाइ भन्दा वढी भुक्तानी
५.	७११र ६३२/ २०८१/ १२/ ०४	हेमराज दाहाल	५६६११०	६०००००	३३८९०	राष्ट्रपती रनिङशिल्ड प्रतियोगिता सञ्चालनमा विल भरपाइ भन्दा वढी भुक्तानी
६.	८१४/ २०८१/ १२/ ३१	अशोक कुमार यादव	३३४०७	३५०८०	१६७३	वडा नं. २ को कार्यालय सञ्चालनको रकम भुक्तानीमा विल भरपाइ भन्दा बढी भुक्तानी
७.	१०७२/ २०८२/ ३/ २०	सुमित कुमार पण्डित	२०७०००	२११५००	४५००	सवारी साधन भाडा रकम भुक्तानी हुँदा (लगबुक अनुसार) बढी भुक्तानी
८.	१३४/ २०८२/ २/ १९(शशर्त चालु)	चादनी शर्मा	१२७५०	१५३००	२२५०	आयोजनाहरुको अनुगमनमा रोजगार संयोजक चादनी शर्मालाइ बढी भुक्तानी भएको
९.	५५७/ २०८१/ १०/ २५(गा.पा.चालु)	अशोक कुमार यादव	५३७२५	५५११०	१३८५	वडा नं. २ को प्रशासनिक खर्च वडा सचिव लाइ भुक्तानी हुँदा बढी भुक्तानी भएको
१०	४२/ २०८१/ ६/ २०	चन्दा कुमारी राय	९३९४२	९९६६६	५७२४	वडा नं ३ कालि मन्दिर प्रवेश गर्ने मुल सडक देखि मन्दिर परिसर सम्मको शाखा बाटो मर्मतको अन्तिम विलमा बढी भुक्तानी भएको
११	१५।२०८१।३।२२ र १७। २०८१।३।२४ प्रदेश	प्रेस नेटवर्क मेनेज्मेन्ट	९७८१८४	९८५०००	६८१६	मूल्य अभिकृद्धी कर वढी भुक्तानी
१२	विभिन्न	मकालु सेक्युरिटी सर्भिस प्रा लि संग सुरक्षा गार्ड	१५८४०००	१५९२२८०	९३६८	२०७८।१०।२८ को सम्झौता अनुसार मू अ कर समेत वढी भुक्तानी
१३	१०४६।२०८२।३।१६	इन्टरनेट सेवा शुल्क	३६४०००	३९४०००	३००००	भि केवल नेटवर्क प्रा लि
१४	२३-२०८१/ ४/ ३२(गा.पा.चालु)	उजुरी प्रशासक भवानी धमला	०	०	८५०	२०८२/ ४/ १३ गतेको न्यायिक समितिको बैठकमा अनुपश्थित

१५	१२६-२०८१/ ६/ ७(गा.पा.चालु)	लेखा प्रमुख विप्लव घिमिरे	०	०	२५५०	रासायनिक मल व्यावस्थापन समितिको मिति २०८१/ ४/ ११/ ४/ १७ गते बसेको बैठकमा अनुपश्थित
१६	११७१-२०८२/ ३/ २५ (गा.पा.चालु)	प्रमुख प्रशासकीय अधिकृत रविन्द्र कुमार महत	०	०	४२५०	सामाजिक विकास समितिको मिति २०८१/ १०/ २१।११/ २/ २। २०८२/ ०१/ ७,२/ ९ गते वसेको ५ वटा बैंठकमा अनुपश्थित
१७	४६६।२०८१/ ०९/ २८ (गा.पा.चालु)	रेखादेवी सरदार	०	०	२५५०	नियमित समिति बाहेका पदाधिकारीलाइ वैठक भत्ता भुक्तानी
१८	४६६।२०८१/ ०९/ २८ (गा.पा.चालु)	अच्छेलाल पाल	०	०	२५५०	नियमित समिति बाहेका पदाधिकारीलाइ वैठक भत्ता भुक्तानी
१९	७९७/ २०८१/ १२/ २८(गा.पा.चालु)	रविन्द्र कुमार महत	०	०	३८२५	SEE परिक्षा अनुगमन एकै समय २०८१ चैत्र ७,१२ र १५ गतेको दोहोरो भुक्तानी भएको
२०	७९७/ २०८१/ १२/ २८(गा.पा.चालु)	गणेश प्रसाद चापागाइ	०	०	३८२५	SEE परिक्षा अनुगमनमा एकै समय २०८१ चैत्र ७,१२ र १५ गतेको दोहोरो भुक्तानी भएको
२१	७९७/ २०८१/ १२/ २८(गा.पा.चालु)	हेमराज दहाल	०	०	३८२५	SEE परिक्षा अनुगमनमा एकै समय २०८१ चैत्र ७,१२ र १५ गतेको दोहोरो भुक्तानी भएको
२२	७९७/ २०८१/ १२/ २८(गा.पा.चालु)	विप्लप घिमिरे	०	०	३८२५	SEE परिक्षा अनुगमनमा एकै समय २०८१ चैत्र ७,१२ र १५ गतेको दोहोरो भुक्तानी भएको
					असुल गर्नुपर्ने	१,४९,५७३

२७ **कर्मचारी प्रोत्साहन भत्ता**

भौचर नं ११८९ मिति २०८२।३।२५ **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६**(१) वमोजिम स्थानीय सेवा गठन,सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्वन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून वमोजिम हुने,दफा ८६(२) वमोजिम स्थानीय सेवाको गठन,सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्वन्धी अन्य व्यवस्था स्थानीय तहले वनाएको कानून वमोजिम हुने व्यवस्था रहेकोमा कार्यविधि र सभावाट स्वीकृत नगरी देहायका कर्मचारीलाइ पारीश्रमिक शिर्षकवाट अतिरीक्त भत्ता दिएको खर्च रकम असुल हुनुपर्ने रु

नाम	कर कट्टि पछिको रकम
अधिकृत छैटौ अरुण कुमार राय	१२७५०
सहायक पाचौ कैलाश राज के.सी.	१२७५०
सहायक पाचौ गणेश प्रसाद चापागाइ	१२७५०
आन्तरिक लेखापरीक्षक प्रदिप ढकाल	१२७५०
प्रमुख प्रशासकीय अधिकृत रविन्द्र कुमार महत	१२७५०
अधिकृत सातौ रोशन प्रसाद गुप्ता	१२७५०
लेखापाल विप्लव घिमिरे	१२७५०
सहायक चौथो सदिक्षा खतिवडा	१२७५०
अधिकृत छैटौ सन्तोष वन्जारा	१२७५०

असुल गर्नुपर्ने	१,१४,७५०

२८ **पदाधिकारी अनुगमन भत्ता**

गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७५ को दफा ३ अनुसार गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकासदस्यले यसै ऐनको अनुसूची -१(क) मा तोकेबमोजिमको दरमा मासिक रुपमा विभिन्न सुविधाको अतिरिक्त अनुगमन भत्ता पाउने साथै मासिक अनुगमन भुक्तानी लिँदा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाले ऐनमा व्यवस्था भएका १४ जना पदाधिकारीहरुलाइ बर्षभरीमा रु.६७२०००।– अनुगमन भत्ता दिएको छ। पदाधिकारी सुविधामा भएको व्यवस्था बमोजिमको प्रतिवेदन पेश गराई भुक्तानी दिने व्यवस्था हुनुपर्दछ।

२९ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिका केन्द्र र वडा कार्यालयको विविधतर्फ चिया/खाजा/खाना लगायतमा यो बर्षको रु.२१७६५१४।- सभाबाट बजेटमा समावेश गरि खर्च लेखेको छ जुन आन्तरिक आय रु.१०३११९४०।- को २१ प्रतिशत हुन्छ । पालिकाको आन्तरिक आयश्रोत सुदृढ र मजवुत नभएको अवस्थामा यस्तो सुविधा खर्च गर्दा थप आर्थिक व्ययभार परेको देखिन्छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । यसका केही उदाहरणहरु

भौ.नं र मिति	विवरण	फर्मको नाम	खर्च रकम
५२-२०८१।५।१८	चिया, खाजा, पानी	प्रतिज्ञा होटल	११३०८०
१५५-२०८१।६।१५	,,	प्रतिज्ञा होटल	६४८३०
४५३-२०८१।९।२६	,,	प्रतिज्ञा होटल	७७४१०
४३६-२०८१।८।११	,,	स्टर्न स्टार होटल	३३४११

३० **मसलन्द तथा कार्यालय सामानः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । पालिकाले वडातर्फ कार्यालय सामानको लागि रु.१२०००००।- र पालिका तर्फ रु.२०००००० ।- गरी जम्मा रु.३२०००००।- विनियोजन गरेकोमा रु.३१९५२५९।- खर्च भएको पाइयो । खरिद गर्ने सामानको लागत अनुमान तयार गरी

प्रतिस्पर्धात्मक विधिवाट रु.१०९८६४२।– को मसलन्द तथा कार्यालय सामान खरिद गरेको छ भने बाँकी रु.२१०१३५८।– को सोझै खरिद गरेको पाइयो । खरिद योजना तयार गरी आवश्यक सामान प्रतिस्पर्धाको माध्यमवाट खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

सि.नं	शीर्षक	कार्यालय	विनियोजन	खर्च
१	मसलन्द तथा कार्यालय समान	पालिकातर्फ	२००००००	१९९८९२१
२	मसलन्द तथा कार्यालय समान	वडा नं १	२०००००	१९९७८५
३	मसलन्द तथा कार्यालय समान	वडा नं २	२०००००	१९९९५१
४	मसलन्द तथा कार्यालय समान	वडा नं ३	२०००००	१९९९५२
५	मसलन्द तथा कार्यालय समान	वडा नं ४	२०००००	१९७३७६
६	मसलन्द तथा कार्यालय समान	वडा नं ५	२०००००	१९९९३६
७	मसलन्द तथा कार्यालय समान	वडा नं ६	२०००००	१९९३३८
	जम्मा		३२००००००	३१९५२५९

३१ **चाडपर्व र पोशाक खर्च**

सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा भुक्तानीमा कार्यालय र कर्मचारीहरु विच २०८१/४/७र २०८१/१०/७ दुवैमा चाडपर्व खर्च र पोशाक खर्च दिनेउल्लेख नभएकोले सम्झौताको शर्त विपरित देहायका कर्मचारीहरुलाइ चाडपर्व र पोशाक खर्च भुक्तानी भएको रकम असूल हुनुपर्ने रु

कर्मचारीको नाम	**चाडपर्व खर्च**	**पोशाक खर्च**	**जम्मा**
शम्भु पोखेल	२९७००	१००००	३९७००
सृजना कुमारी चौधरी	२७९१८	१००००	३७९१८
प्रमोद मरीक	१४८५०	१००००	२४८५०
		जम्मा	१०२४६८

असुल गर्नुपर्ने	१,०२,४६८

३२ **फरक खर्च शीर्षक**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा कार्यपालिकाले सभावाट स्वीकृत बजेट सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ भने अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ बमोजिमको खर्च शीर्षकको वर्गिकरण र व्याख्या अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले विनियोजित वजेटवाट ऐन र निर्देशिका विपरीत एउटा शीर्षकको रकम अर्को शीर्षकमा खर्च गर्ने गरेको देखियो । विनियोजित वजेटवाट पालिकाले यो वर्ष निम्नानुसार शीर्षक फरकपारी खर्च गरेको नियमसम्मत नदेखिएको रु

भौ.नं र मिति	विनियोजित शीर्षक	खर्च भएको कार्य	खर्च रकम
११६३/ २०८२/ ३/ २५(गा.पा.चालु)	सरकारी सेवा तयारी कक्षा सञ्चालन	फर्निचर खरिद	४०००००
११४७/ २०८२/ ३/ २५(गा.पा.चालु)	सामुदायिक विद्यालयमा गुणस्तरिय शिक्षाका लागि जनशक्ती व्यावस्थापन	श्री माध्यामिक विद्यालय चिमडि रंग रोगन	९९६६१
११४८/ २०८२/ ३/ २५(गा.पा.चालु)	कार्यक्रम खर्च	ट्युवेल खरिद तथा वितरण	८६२३१
११८७/ २०८२/ ३/ २५(गा.पा.चालु)	सामुदायिक विद्यालयमा गुणस्तरिय शिक्षाका लागि जनशक्ती व्यावस्थापन	मजदुर आ.वी. छानो मर्मत	४६६१९
११९९/ २०८२/ ३/ ३२(गा.पा.चालु)	पारिश्रमिक कर्मचारी	गाँउ सभा सञ्चालन	४०००००
४/ २०८१/ ८/ ११(शशर्त चालु)	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदान	विपदको समयमा सिकाइ निरन्तरताका लागि द्रुत सिकाइ योजना कार्यान्वयन कार्यक्रम सञ्चालन	१०००००
२१८/ २०८२/ ३/ २४(शशर्त चालु)	सार्वजानिक विद्यालयका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान	विद्यालयमा शैक्षिक सुधार सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारीत अनुदान	३०००००
.२८/ २०८१/ ६/ १	गुरुङ टोल रामजानकी कुटि जाने वाटोमा माटो पुर्ने	सिमेन्ट फलैचा खरिद	९८३४९
३९।२०८१।६।१६	वडा नं ६ चिमडि कालिमन्दिर पूर्व साझा हुदै भेटेरिनरी सम्मको वाटो कालोपत्रे क्रमागत	श्री श्री १०८ वावा कंगाली शिवदत्त मन्दिर निर्माण उ.स.	१०६५०००
१२२।२०८१।०६।०७	कार्यालय सञ्चालन	मोबाइल खरिद(मेशिनरी तथा औजार)	६३००0०
१४९।२०८१।०६।०८	मसलन्द तथा कार्यालय सञ्चालन	कम्प्युटर खरिद(मेशिनरी तथा औजार)	२०००००
२४०।२०८१।०६।२१	मसलन्द तथा कार्यालय सञ्चालन	डेस्कटप खरिद(मेशिनरी तथा औजार)	१४८०३०
जम्मा			३००६८९०
		अनियमित भएको	३०,०६,८९०

३३ **सम्पत्ति व्यवस्थापन प्रणाली**

महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१।८२ बाट पुरानो सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) बाट नयाँ सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V२) कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेकोमा नयाँ सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V२) मा प्रविष्ट गरेको पाइएन।महालेखा नियन्त्रक कार्यालयको नयाँ सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V२) कार्यान्वयन गर्नुपर्दछ।

३४ **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ अनुसार तोकिएका सुचकका आधारमा उत्कृस्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान वापत वार्षिक २ देखि ३ लाख सम्म दिने र स्थानिय तहले प्रस्ताव अनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्वन्धमा नियमित अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा श्री जनकल्याण माध्यामिक विद्यालयलाई भौ नं २१८।०८२।३।२४ वाट रु. ३००००० लाख भुक्तानी दिएकोमा सोको उपयोग सम्वन्धमा पालिकाद्धारा अनुगमन हुनुपर्दछ।

३५ **शिक्षक विद्यार्थी अनुपातः**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

१. स्थानीय तह मातहतमा रहेका २७ विद्यालयमा १४८ शिक्षक दरवन्दी रहेकोमा १४२ पदपुर्ती भइ पदपुर्ति मध्ये ४७ करारमा रहेको देखिन्छ। दरवन्दी अनुसारको स्थायी शिक्षक पदपुर्ती हुनुपर्दछ।

२. विद्यार्थी संख्याको तुलनामा शिक्षक वढी भएकोवाट कम भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३६ **बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका लागि स्थानीय तह एवम् विद्यालयका लागी कार्यक्रमः**

कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.३०२ अनुसार बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका लागि स्थानीय तह एवं विद्यालयका लागी कार्यक्रममा स्थानीय तहले विद्यालयका EMIS सम्वन्धि काम गर्ने शिक्षक/ कर्मचारी वा प्रधानाध्यापक मध्ये एक जनालाई बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने विषयमा कम्तिमा दुई दिने क्षमता विकास तालिम सञ्चालन गर्ने व्यवस्था भएकोमा कार्यविधि विपरित २७ विद्यालयका EMIS शिक्षक र प्रधानाध्यापक गरि दुई जनाका दरले तालिम दिएको छ। प्रति व्याग रु. १३५० का दरले ५४ थान व्याग खरिद गरि रु. ७४२५० जिज्ञासा सप्लायर्स ईटहरीलाइ भुक्तानी दिएकोमा २७ थान मात्र खरिद गरी वितरण गर्नु पर्ने ५४ सहभागिलाई वितरण गर्दा २७ थान वढी व्यागको रु ३७१५० थप खर्च हुन गएकोले कार्यक्रम संचालकबाट असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	३७,१५०

३७ **शैक्षिक व्यवस्थापन सुचना प्रणाली सम्वन्धी कार्यशालाः**

कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ अनुसार पालिकाकै कर्मचारी र शिक्षक उपस्थित भई २ दिने एकीकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली सम्वन्धी कार्यशाला संचालन गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन्

३७.१ कार्यसंचालन निर्देशिका, २०८१ को ४६ मा भौतिक रुपमा उपस्थित हुने सेमिनार, तालिम तथा गोष्ठिमा उपलव्ध भएसम्म आफ्नै हल प्रयोग गर्नुपर्ने व्यवस्था छ। शिक्षा शाखावाट कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ अनुसार पालिकाकै कर्मचारी र शिक्षक उपस्थित भई २ दिने एकीकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली सम्वन्धी कार्यशाला संचालन गरेकोमा पालिकाको हलमा संचालन नगरी महेन्द्र होटेल, विराटनगरको हलमा संचालन गरी भौचर नं १२७।२०८२।०२।११ वाट प्रति दिन रु १२३८९ का दरले कुल रु २४७७८। हल भाडा भुक्तानी गरेको छ। पालिकाले यस्ता किसिमका सेमिनार, तालिम तथा कार्यशाला संचालन गर्दा उपलव्ध भए सम्म आफ्नै हल प्रयोग गर्नुपर्दछ।

३७.२ मिति २०८२।२।४ र ५ मा संचालित २ दिने एकीकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली सम्वन्धी कार्यशालामा ८ कक्षा मात्र सञ्चालन भएकोमा संलग्न पेश्की फछ्यौटमा १६ कक्षाको भुक्तानी लिएकोले वढी ८ कक्षाको भुक्तानी रकम देहायका कर्मचारीहरुवाट असूल हुनुपर्ने रु

नाम	लिएको कक्षा	दर	भुक्तानी हुनुपर्ने रु	भुक्तानी भएको रकम	वढी भुक्तानी रकम (कर वाहेक)
रमेश खड्का	४	१६००	६४००	१२८००	५४४०
हेमराज दाहाल	४	१२००	४८००	९६००	४०८०
जम्मा					९५२०

असुल गर्नुपर्ने	९,५२०

३८ **छात्रवृत्तिः**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति अनुदान ईमिस डाटा अनुसार स्वीकृत दररेट वमोजिम उपलव्ध गराएकोमा निम्न विद्यालयहरुले लेखापरीक्षण अवधि सम्म छात्रवृत्ति रकम विद्यार्थीलाइ वुझाएको भरपाई पेश नगरेकोले वुझाएको भर्पाइ पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

विद्यालयको नाम	विद्यार्थी संख्या	छात्रवृत्ति निकासा रकम
श्री माध्यामिक विद्यालय हटिया टोल	११०	४४०००
श्री नेपाल राष्टिय शिब माध्यामिक विद्यालय	१२०	४८०००
श्री रामसिता माध्यामिक विद्यालय	११९	४७६००
जम्मा		१३९६००

प्रमाण पेश नगरेको	१,३९,६००

३९ **प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री अनुदानः**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री अनुदान अन्तर्गत प्राविधिक धार कक्षा ९ देखि १२ सम्म सञ्चालन भएका विद्यालयलाई शिक्षण सामाग्री (Lab Assistant, Equipments and Practical Matrials, OJT Operation cost) का लागी प्रति विद्यार्थी वार्षिक रु.१५००० का दरले अनुदान निकासा दिने र प्रत्येक विद्यार्थीको वैंक खातामा मासिक रु.१००० का दरले जम्मा गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्था अनुसार प्राविधिक धारको ईलेक्ट्रिकल ईन्जिनियरिङ कक्षा संचालनका लागी श्री रामसिता माध्यामिक विद्यालय बर्जु २ सुनसरीलाई भौ.नं. २१५।०८२।३।२४ वाट रु.१४६०००० विद्यालयको वैंक खातामा निकासा गरेकोमा लेखापरीक्षण अवधिसम्म कार्यान्वयन कार्यविधि अनुसारको कार्य भएको देखिने प्रमाण पेश हुन नआएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा निकासा भएको रकम संघीय सञ्चित कोषमा फिर्ता हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१४,६०,०००

४० **स्यानिटरी प्याडः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ साथै कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३ मा स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने व्यवस्था छ। पालिकाले भौ. नं. ३२ बाट २८५८० थान स्यानिटरी प्याड रु. १४२०९९७ (मु अ कर समेत) मा खरिद गरेको छ भने पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १४२९ जना रहेका छन।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाईएन साथै पालिकाद्धारा विद्यालयमा उक्त प्याडको प्रयोग र व्यवस्थापन सम्वन्धमा अनुगमन नभएकोले कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ।

४१ **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।०८२ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिका भित्रका विद्यालयबाट छनोट गरी माध्यामिक विद्यालयमा पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला वापत रु.६ लाख ५० हजार अनुदान दिने व्यवस्था छ। पालिकाले कोशि आधारभुत विद्यालयलाई भौचर नं १६२।०८२।३।१५ वाट ICT ल्यावका लागी रु. ३९३९९९ अनुदान दिएकोमा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम अग्रिम कर कट्टा नगरी रु. ५९०९ भुक्तानी भएको रकम असूल हुनुपर्ने रु

असुल गर्नुपर्ने	५,९०९

४२ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। २ बर्थिङ सेन्टर रहेको यस पालिकाले मोहन ट्रेडर्स एण्ड सप्लायर्सवाट ५५५ थान न्यानो झोला प्रति झोला रु. ७९४ का दरले (भ्याट वाहेक) रु.४४०६७०। मा खरिद गरेको छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४३ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशका, २०७५ अनुसार स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहले विभिन्न वडाहरुमा बाटो निर्माण लगायतका १७ निर्माण तथा मर्मतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १८५ जनालाई औषत ३६ दिनका दरले रोजगारी उपलव्ध गराई कुल ज्याला रु. ४४ लाख ४ हजार खर्च गरेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना गर्न तर्फ पालिकाले जोड दिनुपर्दछ।

४४ **सामाजिक परिक्षणसम्बन्धी तालिम**

भौ.नं.२६।२०८१।०५।०४, प्रदेश सरकारबाट प्रकाशित सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका,२०७९ मा तालिम केन्द्रबाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका प्रशिक्षक, संयोजक, प्रतिवेदक, सहयोगी तथा सहभागी भत्ता सम्बन्धमा व्यवस्था गरेको छ।पालिकाले मिति २०८१।४।३१ र ३२ मा विद्यालयहरुको सामाजिक परिक्षणसम्बन्धी तालिम सञ्चालन गरी रु.११६७७५।खर्च लेखेकोमा देहायका प्रशिक्षकहरुलाइ मापदण्डभन्दा बढी भुक्तानी भएकोले असूल हुनुपर्ने रु

नाम थर	**पद**	**जम्मा सेसन**	**पाउनुपर्ने भत्ता प्रति सेसन**	**पाउनुपर्ने जम्मा भत्ता**	**पाएको भत्ता प्रति सेसन**	**पाएको जम्मा भत्ता**	**फरक रकम**
रमेशचन्द्र तिम्सिना	प्रशिक्षक	८	८००	६४००	१६००	१२८००	६४००
बाबुराम कार्की	संयोजक	२	४००	८००	१०००	२०००	१२००
शसिकान्त चौधरी	सहयोगी	२	१५०	३००	१०००	२०००	१७००
	जम्मा						९३००

असुल गर्नुपर्ने	९,३००

४५ **ठेक्का अभिलेखः**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार निर्माण ठेक्का कार्यमा अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म०ले०प०फा०नं०५०७ अनुसारको अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखमा गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतका विषयहरु अद्यावधिक गर्नुपर्नेमा सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ ।

४६ **ठेक्का व्यवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको र यस्ता योजना लागत अनुमान भन्दा २२ देखि ४१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यान दिनुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४७ **म्याद थपः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको र म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

ठेक्का नं.	ठेक्काको विवरण	सम्झौता मिति	सम्झौता रकम	सम्पन्न गर्नुपर्ने मिति	हाल सम्म भुक्तानी	म्याद थप अवधी	सुरु अवधीको म्याद थप प्रतिशत
२०।२०७५।७६	वडा नं ४ कार्यालय भवन निर्माण	२०७६।३।१३	५३९५५८७	२०७६।९।१५	३५२२८८१	२०७९।९।२९	सतप्रतिशत भन्दा बढी
०४।२०८०।८१	वडा नं ५ नहर देखि उत्तर मुस्लिम टोल हुँदै उत्तर पश्चिम जाने बाटो	२०८०।९।८	७३८४६८७	२०८१।९।८	३४२५९२८	२०८१।१२।३०	सतप्रतिशत
०६।२०८०।८१	चिमडी बजारको काली मन्दिर पूर्व साझा हुँदै भेटनरीसम्म	२०८०।११।१८	१००३३१५८	२०८१।१०।१०	५३७१३११	२०८२।३।१०	सतप्रतिशत
१९।२०७७।७८	रामजानकी मन्दिर निर्माण	२०७८।४।१७	२७००६१८३	२०७९।२।३०	२१४१९०२३	२०८२।३।१०	सतप्रतिशत भन्दा बढी
०४।२०७९।८०	सडक कालोपत्रे कार्य बर्जु वडा नं. २ र ४	२०७९।०८।६	२६८२७९७६	२०८०।०२।३०		२०८२।३।१०	सतप्रतिशत भन्दा बढी

पालिकाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको शतप्रतिशत अवधि भन्दा बढी म्याद थप भएका ५ ठेक्कामा एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

४८ **निर्माण कार्यको गुणस्तरः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९(२) मा निर्माण कामको गुणस्तर कायम गर्न ठेक्काको बि.ओ.क्यू.मा गुणस्तर परीक्षणको लागि रकम समाबेश गरी लागत अनुमान तयार गर्ने र सोही अनुसार निर्माण ब्यबसायीहरुले गुणस्तर परिक्षण गरेको आधारमा भुक्तानी गर्ने गरिएको छ तर सो रकमबाट गर्नु पर्ने जति सबै परीक्षण गराउनुपर्नेमा गराएको छैन । गुणस्तर परिक्षणको लागि सिलबन्दी नमुना संकलन गर्नुपर्नेमा खुला रुपमा गर्ने गरेको र ल्याब प्रतिवेदनमा समेत प्राप्त भएको नमुनाको मात्र परिक्षण भएको भन्ने शब्दावली प्रयोग गरी जिम्मेवारीबाट पन्छिने काम गरेको छ । स्पेशिफिकेशनको आधारमा तोकीएको संख्यामा क्यूव,डण्डी,बालुवा,गिट्टी,सिमेन्ट लगायत निर्माण सामाग्रीहरुको परीक्षण गर्नुपर्दछ ।

४९ **नापी किताबः**

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि महालेखा परीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागु गरेको म.ले.प.फा.नं. ५०३ को ढाँचामा निर्माण कामको परिमाण र रकम खुलाउनुपर्ने एवं सार्वजनिक निकायले प्रयोग गरेका कम्प्यूटीकृत नापी किताबमा पाना नं.सिलसिलेबार राखी नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. ५१२ मा प्रबिष्टी गरी नापी किताबको अभिलेख राख्नुपर्ने ब्यबस्था रहेको छ । लेखापरीक्षणको क्रममा पेश भएका नापी किताबको परीक्षण गर्दा कम्प्युटर प्रिन्टबाट नापी किताब तयार गरेकोमा स्वीकृत ढाँचा अनुसार बिबरणहरु नापी किताबमा अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम लगायत स्वीकृत ढाँचामा उल्लेख भए अनुसारका आवश्यक बिबरणहरु नापी किताबमा चढाएको देखिएन । तसर्थ नापी किताबमा चढाएको परिमाण अनुसार प्राबिधिक मूल्यांकनमा परिमाण र रकम ठिक दुरुस्त छ भन्ने कुरामा आश्वस्त हुन नसकिएकोले यस तर्फ कार्यालयले यकिन गरी सुधार गर्नुपर्दछ ।

५० **चेनेज तथा लोकेशनः**

सडक निर्माण सम्बन्धी कार्य गर्दा, गराउँदा कार्य भएको स्थानको चेनेज खुलाउनुपर्नेमा आंशिक रुपमा मात्र खुलाउने गरेको पाइयो । कार्यालयले सडक कटिङ्ग तथा मर्मत, ढलान (रिजिड पेभमेण्ट), नाला निर्माण, रिटेनिङ्ग वाल लगायतका संरचनाजन्य कार्य गर्दा केहीमा मात्र चेनेज खुलाउने गरेको छ । एउटै सडक उपभोक्ता समिति तथा ठेक्का प्रकृया दुवै माध्यमबाट गराउने गरेको देखिएकोले सो अवस्थामा चेनेज नखुलाउँदा कार्यमा दोहोरोपना तथा ओभरल्याप हुन सक्ने हुँदा यसतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

५१ **वीमा :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । देहायको ठेक्काको वि.ओ.क्युमा पालिकाले वीमाको लागी पि.एस. मा रकमको ब्यवस्था गरेको भएतापनि बीमा गराएको देखिएन । अतः कानुनको पालना गरी जोखिम न्युनीकरण गर्नुपर्दछ।

ठेक्का नं.	निर्माण व्यवसायी	योजनाको नाम	सम्झौता रकम	वि ओ क्युमा रकम	कैफीइत
१०।२०८०।८१	कार्तिकेय निर्माण सेवा	वडा नं.३ फारम चोक देखि सुकुम्बासी हुदै दमरी चोक सम्म सडक कालोपत्रे	७१३९५३५	६००००	विमा नगरेको
०१।२०७८।७९	आरके निर्माण सेवा	बर्जु २, ४ र ६ मा कालोपत्रे सडक निर्माण	३७४२५२८५	६६०००	विमा नगरेको
४९।२०८१।६।२२	जय बाबा विश्वकर्मा निर्माण सेवा	वडा नं ६ गडी सिमाना देखि पेट्रोल पम्मसम्म कालोपत्रे	८२७९१३७		विमा नगरेको

५२ **भेरिएसनः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन आदेश जारी गर्दा प्राविधिक पुष्ट्याइँसमेत पेस गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बर्जु गा.पा. २, ४ र ६ मा सडक कालोपत्रेको कार्यको लागि ठेक्का नं ०१-२०७८।७९ का निर्माण व्यवसायी आर के निर्माण सेवासँग रु.३७४२५२८५।– को कार्य गराउँदा वडा नं २ मा फाराम चौक देखि हनुमान मन्दिरसम्म ९५१ मिटरमा shoulder भागमा १.२५ चौडाईमा १४ एमएमको मोटाइ हुने गरी सबबेसको काम गराएको छ । उक्त क्षेत्रमा सो कार्य गराउँदा थप १६६.४३ घनमिटर सबबेस खपत भएको र सोको स्वीकृत दर प्रति घनमिटर रु.१०००।– ले हुने जम्मा रु.१६६४३०।– को सम्बन्धमा प्राविधिक पुष्ट्याइ सहितको भेरियसन आदेश स्वीकृत नगराई खर्च लेखेकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,६६,४३०

५३ **ठेक्का नं ०८-२०८०।८१ः**

गाँउपालिकाले वडा नं ४ मंसुरिया चौक देखि पश्चिम वडा कार्यालय हर्बोनी हुंदै थारुहट चौकसम्म जाने बाटो निर्माण कार्यका लागि ठेक्का नं ०८-२०८०।८१ मार्फत निर्माण व्यवसायी आर एस कन्स्ट्रक्सन प्रा.लिसँग रु.१२८२५८२४।७२ (मूल्य अभिवृद्धी कर समेत) मा २०८१।९।३० सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।११।२० मा सम्झौता भएकोमा रु.११३२३६०७।२४ भुक्तानी भै म्याद थप पश्चात २०८२।३।१३ मा कार्यसम्पन्न भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

५३.१ भेरिएसन - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति वा सम्झौता कार्यान्वयनमा निर्माण कार्यको ड्रइङ डिजाइन स्पेशिफिकेशन वदल्नुपरेमा निर्माण कार्यको आधारभुत प्रकृति परिवर्तन हुने वा नहुने एकिन गरी भेरिएसन आदेश स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखवाट प्रमाणित गराई भेरिएसन आदेश जारि गर्नुपर्ने उल्लेख छ। कार्यालयले उपरोक्त निर्माण कार्यको लागत अनुमान तयार गर्दा ९०० डायको ३ वटा ह्युमपाईप विच्छयाउने कार्यको लागि हेडवाल, पिसिसि, स्टोन सोलिङ लगायतका कार्य राखेको र सोही बमोजिम वोलपत्र गरी सम्झौता मार्फत कार्य गराएकोमा निर्माण कार्यको अन्त्यमा आई उक्त ह्युमपाइप विच्छयाउने कार्य पर्याप्त प्रविधिक पुष्ट्याई बेगर भेरियसनवाट हटाई बाँकी कामको कार्यस्वीकार गरेको देखिन्छ । हचुवाको भरमा लागत अनुमान तयार गर्ने कार्यमा नियन्त्रण गरी स्वीकृत डिजाइन, डिपिआर अनुसार लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

५३.२ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(ख) मा प्राविधिक नाप जाँच गरी नापि किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । उपरोक्त निर्माण कार्यको बेसकोर्षको काममा चेनेज ०+३३४-०+३५४ सम्म २० मिटरमा १०.८ घनमिटरको कार्य दोहोरो नापी गरी स्वीकृत दर प्रति घनमिटर रु.२२०० ले मु.अ.कर समेत रु.२६८४८।– बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु

असुल गर्नुपर्ने	२६,८४८

५३.३ कार्यसम्पादन जमानत- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा खरिद सम्झौता गर्न कार्यसम्पादन जमानत पेश गर्नुपर्ने र खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले उपरोक्त निर्माण कार्यको लागि निर्माण व्यवसायीसंग सम्झौता गर्दा राखेको कार्यसम्पादन जमानत रकम रु.१००००००।– को म्याद त्रुटि सच्याउने अवधि २०८३।४। १० सम्म हुनुपर्नेमा २०८२।३।३२ सम्म रहेकोले कार्यसम्पादन जमानतको म्याद सकिएको देखिन्छ। कार्यालयले कार्यसम्पादन जमानतको म्याद थप गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१०,००,०००

५३.४

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(ख) मा प्राविधिक नाप जाँच गरी नापि किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले उपरोक्त ठेक्कामा भेरियसनवाट ह्युमपाइपको कार्य हटाएको अवस्थामा अन्तिम नापीमा ३ वटा ह्युमपाइप प्रति गोटा रु.१००००।– का दरले रु.३३९००।– (मु अ कर समेत) समावेश गरी भुक्तानी दिएको देखिन्छ । तसर्थ कार्य नभएको आइटमको नापीमा राखी भुक्तानी भएको उक्त रकम सम्बन्धितवाट असूल हुनुपर्ने रु

असुल गर्नुपर्ने	३३,९००

५३.५ प्रोभिजनल सम - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात तथा बिल भर्पाइ पेस गर्नुपर्ने उल्लेख छ । पालिकाले उपरोक्त निर्माण कार्यको पि एस आइटममा भएको रिलोकेशन कार्यको लागि रु.२५०००।– भुक्तानी गरेकोमा सोको बिल विजक पेश हुन आएन । तसर्थ विल विजक तथा प्रमाण पेश गर्नुपर्ने अन्यथा रकम असूल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२५,०००

५३.६ पूर्वनिर्धारीत क्षतिपुर्ती - सार्वजनिक नियमावली २०६४ को नियम १२१ को उपनियम (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। उपरोक्त निर्माण कार्य २०८२।३।१० सम्ममा सम्पन्न गर्नुपर्नेमा २०८२।३।१३ मा मात्र निर्माण सम्पन्न गरेको देखिएकोले खरिद नियमावलीमा भएको व्यवस्था वमोजिम सम्झौताको अवधि पश्चात ३ दिनको सम्झौता रकम रु.१२८२५८२४।– को नियमानुसार लाग्ने पूर्वनिर्धारीत क्षतिपुर्ती रु.१९२३९।- असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१९,२३९

५४ **ठेक्का नं ०९-२०८०।८१ः**

वडा नं ४ को बुढीखोला हुँदै पूर्व मुलवाटो देखि दक्षिण थारुहट चौकसम्म जाने बाटो निर्माण कार्यका लागि ठेक्का नं ०९-२०८०।८१ मार्फत निर्माण व्यवसायी साहेबगञ्ज कन्स्ट्रक्सन प्रा.लिसँग रु.१५३१५६२०।७८ (मूल्य अभिवृद्धी कर समेत) मा २०८१।३।३० सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।११।१८ मा सम्झौता भएकोमा भेरियसन पश्चात रु.१६०४०१४२।५४ भुक्तानी भै २०८१।१२।२९ मा कार्यसम्पन्न भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

५४.१ ट्याक कोट - रोड एण्ड व्रिज स्पेशिफिकेशन २०७५(संशोधन २०७८) को १३०२ को टेबल नम्बर १३.१० मा विटुमिन सर्फेशमा ट्याक कोडको स्प्रे दर ०.४ देखि ०.६ लिटरमा दिन सक्ने व्यवस्था छ । कार्यालयले उपरोक्त ठेक्कामा ट्याक कोट ६६५६.७७ वर्ग मिटरको लागि ०.६ प्रति लिटर स्प्रे दरले ३९९४ लिटरको कबोल दर रु.१००।- का दरले रु.३९९४००।- भुक्तानी गर्नुपर्नेमा स्प्रे दर १ लिटरले ६६५६.७७ को रु ६६५६७७।- भुक्तानी भएको देखिएकोले स्पेशिफिकेशन भन्दा बढी २६६२.७७ लिटरको भुक्तानी भएको रकम रु.३००८९३।– (मु.अ.समेत) असूल हुनुपर्ने रु

असुल गर्नुपर्ने	३,००,८९३

५४.२ प्रोभिजलन सम - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात तथा बिल भर्पाइ पेस गर्नुपर्ने उल्लेख छ । पालिकाले भुक्तानी गरेको प्रोभिजनल सममा रहेको Provide and maintain traffic safety, Occupation Health and Safety OHS आईटम वापतको रकम रु.३००००।– र रिलोकेसन बापतको रु.७५०००।– गरी जम्मा रु.१०५०००।- उपरोक्त निर्माण व्यवसायिलाई रनिङ बिल तथा अन्तिम बिल भुक्तानी गर्दा प्रोभिजनल समबाट बिल बीजकबेगर भुक्तानी दिएकोले बिल विजक तथा प्रमाण पेश गर्नुपर्ने अन्यथा रकम असूल हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,०५,०००

५४.३ बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवारी व्याक्तीले सरकारी रकम खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपरोक्त ठेक्कामा प्रोभिजनल सम आइटमको वीमा बापतको रकम रु.१६४३७।– प्रथम रनिङ्ग विलवाट भुक्तानी भैसकेको अवस्थामा पुनः चौथो रनिङ्ग विलमा सोही रकम राखी दोहोरो हुने गरी भुक्तानी दिएको पाइएकोले असूल हुनुपर्ने रु

असुल गर्नुपर्ने	१६,४३७

५५ **वडा नं ४ कार्यालय भवन निर्माणः**

गाँउपालिकाले ४ नं वडा कार्यालय भवननिर्माण कार्यका लागि ठेक्का नं २०-२०७५।७६ मार्फत निर्माण व्यवसायी एस एस कन्स्ट्रक्सनसँग रु.५३९५५८७।५० (मूल्य अभिवृद्धी कर समेत) मा २०७६।९।१५ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७६।३।१३ मा सम्झौता भएकोमा तेस्रो रनिङ्ग विलसम्म रु.३५२२८८१।– भुक्तानी भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिमको कार्य पुरा नगरेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र दफा ८ मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत गरी सम्झौता बमोजिम बाँकी रहेको काम पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम काम नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गरी दफा ६३ बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने उल्लेख छ। उपरोक्त निर्माण कार्यका निर्माण व्यावसायीलाई सम्झौता बमोजिम कार्य गर्न पटक पटक ताकेता गर्दा पनि निर्माण कार्य अधुरो राखेको र सम्झौताको म्याद मिति २०७९।९।२९ मा समाप्त भै त्यस पश्चात म्याद समेत थप भएको नदेखिएकोले निजसँगको ठेक्का सम्झौता अन्त्य गरी कार्यसम्पादन जमानत जफत गरी वाँकी काम सम्पन्न गर्न लाग्ने रकम समेत एकिन गरी असुल गर्नुपर्ने साथै निज निर्माण व्यवसायीलाई कालोसुचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनुपर्दछ।

५६ **ठेक्का नं ०४-२०८०।८१ः**

गाँउपालिकाले बर्जु गा.पा. वडा नं ५ नहर देखि उत्तर मुस्लिम टोल हुँदै उत्तर पश्चिम जाने बाटो निर्माण कार्यका लागि ठेक्का नं ०४-२०८०।८१ मार्फत निर्माण व्यवसायी माँ सखडा भगवती कन्स्ट्रक्सनसँग रु.८४३७९६९।८८ (मूल्य अभिवृद्धी कर समेत) मा २०८१।६।३० सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।९।८ मा सम्झौता भएकोमा दोस्रो रनिङ्ग विलसम्म रु.३४२५९२८।०३ भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

५६.१ खरिद कारवाही - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिमको कार्य पुरा नगरेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र दफा ८ मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत गरी सम्झौता बमोजिम बाँकी रहेको काम पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम काम नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गरी दफा ६३ बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने उल्लेख छ। उक्त निर्माण कार्यको म्याद मिति २०८१।१२।३० मा समाप्त भएकोमा त्यस पश्चात म्याद थप समेत भएको छैन । तसर्थ खरिद ऐन, नियम तथा सम्झौता बमोजिम आवश्यक कारवाही गरि निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

५६.२ पेश्की जमानत - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई ऐनको दफा ५२क को अधिनमा रहि खरिद सम्झौतामा व्यवस्था भए वमोजिम वाणिज्य वैकवाट अग्रिम वैक जमानत लिई पेश्की दिन सकिने र

त्यसरी जारी भएको वैक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौट गर्नुपर्ने अवधिभन्दा एक महिना वढी अवधिको हुनुपर्ने उल्लेख छ। कार्यालयले उपरोक्त निर्माण व्यवसायिलाई खरिद सम्झौता अनुसार पेश्की प्रदान गरेकोमा पेश्की जमानतको अवधि मिति २०८२।४।२८ वाट समाप्त भई पेश्की रु.५३८०००।- रकम जोखिममा रहेको देखिन्छ। कार्यालयले सम्झौतामा उल्लेख भएवमोजिम पेश्की जमानतको म्याद थप गरी सोको प्रमाण पेश गर्नुपर्दछ।

५७ **आर.सि.सि. सडक निर्माण वडा नं. २ः**

गाँउपालिकाले वडा नं २ मा आर सि सि निर्माण कार्यका लागि ठेक्का नं ०२-२०८०।८१ मार्फत निर्माण व्यवसायी पि.जी. विल्डर्स एण्ड सप्लायर्ससँग रु.६५२०३८९।४८ (मूल्य अभिवृद्धी कर समेत) मा २०८१।६।३० सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।८।१७ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

५७.१ फर्म वर्क - सडक विभागबाट जारी सडक र पुल निर्माण सम्बन्धी नर्म्स, २०७५ को सेक्सन २००० मा फर्म वर्कको कार्य कंक्रिटको कार्य भित्र समावेश हुने उल्लेख छ । पालिकाले उपरोक्त निर्माण कार्यको वि.ओ.क्यू.मा फर्माको छुट्टै आइटम राखी रु.६७५९२।- भुक्तानी दिएको देखिन्छ । उक्त निर्माण कार्यको कंक्रीटको दर विश्लेषणमा फर्मा समेत समावेश गरेकोमा पुन: फर्माको छुट्टै आईटम राखी खरिद सम्झौता गरी फर्माको कामका लागि दोहोरो भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	६७,५९२

५७.२ पुरै अवधिको बीमा नगरेको - स्ट्याण्डर्ड बिड डकुमेन्टको जि.सी.सी १९.१ अनुसार ठेक्काको सम्झौता देखि त्रुटी सच्याउने अबधिसम्मको बीमा गरेको हुनुपर्ने व्यबस्था गरेमा कार्यालयले लगाएको उपरोक्त ठेक्कामा २०८०।८।१७ देखि बीमा गराएको हुनुपर्नेमा २ महिना ढीला गरी बीमा गराई रु.४७१४८।– भुक्तानी लिएको देखिन्छ । सम्झौताको शर्त बमोजिम पुरै अबधिको बीमा गरेको देखिएन । ठेक्का कार्यान्वियन गर्दा मात्र बीमाको कागजात पेश गर्ने र सम्झौता गरे पश्चात तत्कालै बीमा नगर्ने परिपाटी देखिएकोले पुरै अवधिको बीमा गराई कामदार तथा मेसिनरी औजारको जोखिम न्यून हुने गरी वीमा गराउनु पर्दछ ।

५८ **ठेक्का नं SQ ०३-२०८१।८२ः**

गाँउपालिकाले कृषकहरुलाई सिंचाईको लागि मोटर खरिद तथा जडान कार्यको लागि सिलबन्दी विधिवाट सप्लायर्स मेडि इन्टरप्राइजेजसँग रु.१०४९६५२।- (मूल्य अभिवृद्धी कर समेत) मा सम्झौता गरी खरिद कार्य गरेकोमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

५८.१ प्राविधिक मूल्यांकन- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले उक्त ठेक्कावाट खरिद गरेको २४ थान स्यालो ट्युवेल तथा मोटर (2 HP Kirloskar Electric water pump) खरिद गरेको देखिएकोमा सोको उपयोग तथा जडान भएको नापी किताव पेश भएन र उक्त स्यालो ट्युवेल तथा मोटर मौज्दातमा रहेको समेत देखिएन । तसर्थ खरिद भएको रु.१०४९६५२।– को सामाग्रीको नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१०,४९,६५२

५८.२ संचित कोष दाखिला - उपरोक्त खरिद कार्यको लागि वजेट प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रमको रहेको र उक्त कार्यक्रम अनुसार प्रदेश सरकारको रकम र लाभग्राही वीच ७५ र २५ प्रतिशतको लागत साझेदारी हुने गरी तय भए अनुसार प्रति मोटर रु.१०९३५।– का दरले २४ जना लाभग्राहीवाट रु.२६२४४०।– संकलन गरी पालिकाले आफ्नो स्थानीय संचित कोषमा रकम दाखिला गरेको पाइयो । उक्त कार्यक्रम प्रदेश सरकारको रहेको र साझेदारीवाट प्राप्त हुने रकम प्रदेश सरकारलाई फिर्ता गर्नुपर्नेमा सो नगरेकोले साझेदारी मार्फत लाभग्राहीवाट संकलन गरेको उक्त रकम प्रदेश संचित कोष फिर्ता हुनुपर्ने रु

प्रमाण पेश नगरेको	२,६२,४४०

५९ **ट्याक कोटः**

रोड एण्ड व्रिज स्पेशिफिकेशन २०७५(संशोधन २०७८) को १३०२ को टेबल नम्बर १३.१० मा विटुमिन सर्फेशमा ट्याक कोडको स्प्रे दर ०.४ देखि ०.६ लिटरमा दिन सक्ने व्यवस्था छ । देहायको ठेक्कामा ट्याक कोट ०.६ प्रति लिटर स्प्रे दरले लगाउनु पर्नेमा स्पेशिफिकेशन भन्दा बढी हुने गरी स्प्रे दर लगाएको कारण रु.१४५८४०।- बढी भुक्तानी भएको देखिएकोले असूल हुनुपर्ने रु

ठेक्का नं.	निर्माण व्यवसायी	योजनाको नाम	सम्झौता रकम	ट्याग कोटको क्षेत्रफल वर्गमिटर	स्प्रे दर लिटरमा	बढी स्प्रे दर लिटरमा	स्वीकृत दर रु	बढी भुक्तानी मु.अ कर समेत
०५।२०८०।८१	जय बाबा विश्वकर्मा निर्माण सेवा	वडा नं ६ गडी सिमाना देखि पेट्रोल पम्प सम्म कालोपत्रे	८२७९१३७	३१९७.२१	१	०.४	५०	७२२५६
०७।२०८०।८१	जय बाबा विश्वकर्मा निर्माण सेवा	गुजेलाल टोल दक्षिण वडा नं ३ जोड्ने सडक कालोपत्रे	८३१४३०९	३२५५.९६	१	०.४	५०	७३५८४
	जम्मा							१४५८४०

असुल गर्नुपर्ने	१,४५,८४०

६० **मन्दिर निर्माणमा बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले वडा नं ६ दैता स्थित राष्ट्रिय आवि मर्मत र वडा नं ६ शुक्रवारे हटिया कमला कोशी मन्दिर निर्माणको लागि प्याकेजमा रु.७९९८९९।– लागत तयार गरी कोटेशनवाट संसारी आर्किटेक्स एण्ड विल्डर्स प्रालिसँग कार्य गराउँदा उक्त निर्माण कार्य रु.७६२०१८।– मा सम्पन्न गरेकोमा भौ.नं ६१-२०८१।७।१४ वाट रु.७७०४२९।– भुक्तानी दिएको हुँदा रु.८४११।– बढी भुक्तानी भएकोले सम्बन्धितवाट असूल गरी दाखिला हुनुपर्ने रु

असुल गर्नुपर्ने	८,४११

६१ **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवारी व्यक्तीले सरकारी रकम खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम उपभोक्ता मार्फत गराउँदा उपभोक्ता समितिले गर्नुपर्ने न्यूनतम १० प्रतिशत लागत साझेदारी रकम पालिकाको संचित कोषमा दाखिला गर्न लगाउने र त्यस पश्चात कार्यक्रम कार्यान्वयन गर्ने गरेकोमा देहाय अनुसारको योजनामा उपभोक्ता समितिले लागत अनुमान भन्दा घटिमा कार्य गरेको अवस्थामा उपभोक्ता समितिलाई भुक्तानी गरी पालिकाको संचितकोषमा रहेको बाँकी रकम प्रदेश संचित कोष दाखिला हुनुपर्ने देखिएको रु

भौ.नं र मिति	योजनाको नाम	लागत अनुमान	सम्पन्न रकम	जनसहभागित रकम पालिका संचितकोष दाखिला	भुक्तानी रकम	पालिका संचितकोषमा बाँकी रकम
१३-२०८२।२।१९	श्रीश्री १०८ बाबा कंगालि शिवदत्त देव मन्दि निर्माण (उ.स)	११९००००	१०९०१९७	१००५१५	१००००००	१०३१८
२१-२०८२।३।२४	जनकल्याण रुद्रहरी मावि मर्मत कार्य (उ.स)	५३९८७८	५०९०१७	५४९००	५०००००	४५८८३
२४-२०८२।३।२५	वडा नं २ कार्यालय पश्चिम वाटो दिलचनरामको घर हुँदै छोटेकन शाहको घरसम्म ढलान (उ.स)	१९४२९०४	१९२१५६४	१८००००	१८०००००	५८४३६
	जम्मा					११४६३७

प्रमाण पेश नगरेको	१,१४,६३७

६२ **फर्म वर्कः**

सडक विभागबाट जारी सडक र पुल निर्माण सम्बन्धी नर्म्स, २०७५ को सेक्सन २००० मा फर्म वर्कको कार्य कंक्रिटको कार्य भित्र समावेश हुने उल्लेख छ । पालिकाले देहायको निर्माण कार्यको वि.ओ.क्यू.मा फर्माको छुट्टै आइटम राखी रु.७५९६०।- भुक्तानी दिएको देखिन्छ । उक्त निर्माण कार्यको कंक्रीटको दर विश्लेषणमा फर्मा समेत समावेश गरेकोमा पुन: फर्माको छुट्टै आईटम राखी खरिद सम्झौता गरी फर्माको कामका लागि दोहोरो भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु.

ठेक्का नं.	निर्माण व्यवसायी/ उपभोक्ता समिति	योजनाको नाम	सम्झौता रकम	फर्माको कामको भुक्तानी
०३।२०८०।८१	दिनेश निर्माण सेवा	वडा नं १ मुसहरी टोल नहर देखि पश्चिम हुँदै गोपि चौकसम्म ढलान सडक निर्माण	६६५५८५२	१७९७९
कोटेशन	बस्नेत निर्माण सेवा	वडा नं १ राममण्डलको घर देखि दक्षिण जाने बाटोमा ढलान सडक निर्माण	९५२८३१	१६१८४
कोटेशन	यादव ग्रुप अफ कम्पनिज प्रालि	वडा नं २ सुवालालको घरदेखि हुकुमलालको घरसम्मको बाटो RCC ढलान निर्माण	९२४२०६	१४४९७
कोटेशन	जि.ओ.डि कन्स्ट्रक्सन	वडा नं १ बुधना गुरुङको घर देखि पश्चिम बाटो RCC ढलान निर्माण	९४८३३०	१३०२०
कोटेशन	एमी विल्डर्स एण्ड सप्लायर्स	जयनगर टोलको बाटो RCC ढलान निर्माण	९४९८७७	१४२८०
	जम्मा			७५९६०

असुल गर्नुपर्ने	७५,९६०

६३ **प्राविधिक मूल्यांकन तथा प्रतिवेदनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले पालिकास्तरिय वजेटवाट शंकर सिमेन्ट कंक्रिट उद्योग प्रालिसँग कोटेशनवाट रु.९८८९३०।– मा PN3 300mm थान ६, PN3 450mm थान २४, PN3 600mm थान २३ र PN3 900mm थान ६ गरी जम्मा ५९ वटा ह्युमपाइप खरिद गरेकोमा सोको उपयोग तथा जडान भएको नापी किताव पेश भएन साथै उक्त ह्युपाइप मौज्दातमा रहेको समेत देखिएन । तसर्थ खरिद भएको ह्युमपाइपहरुको नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,८८,९३०

६४ **बर्जु ताल भ्युटावर निर्माण**

गाँउपालिकाले बर्जु तालमा भ्यु टावर निर्माणगर्ने कार्यका लागि ठेक्का नं ०८।०२।२०७६।७७ मार्फत निर्माण व्यवसायी शाह निर्माण सेवासँग रु.२०४६८५९४।०० (मूल्य अभिवृद्धी कर समेत) मा २०७७।९।१५ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७६।११।२९ मा सम्झौता भएको छ । निर्माण कार्यसँग सम्बन्धित शुरु ठेक्का फाइल, ड्रङग, डिजाइन र स्वीकृत भेरियसन फाइल लेखापरीक्षणको लागि पेश हुन आएन । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

६४.१ **कार्यस्वीकार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ को उपनियम (२क१) अनुसार निर्माण कार्यको हकमा कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्वेश्य अनुरुपको सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले उपनियम २ बमोजिम कार्यस्वीकार गर्न सकिने व्यवस्था छ । साथै सोही नियमको उपनियम ४ मा निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप संचालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म कुनै पनि कार्य स्वीकार गर्नु हुँदैन भन्ने उल्लेख छ । पालिकाले उपरोक्त भ्यू टावर निर्माण कार्यको लागि गत वर्षसम्ममा रु.१८०००५३५।४० र यस आर्थिक वर्षमा रु.७३३७२९।– गरी जम्मा रु.१८७३४२६४।४० भुक्तानी

हुँदा ९१.४८ प्रतिशत भौतिक प्रगति हासिल गरेको अवस्थामा कार्यस्वीकार गरेको देखिन्छ । कार्यस्वीकार पश्चातको निर्माण कार्यको भौतिक अवस्था हेर्दा फिनिसिङ्ग तथा सौन्दर्यिकरण गर्नुपर्ने देखिएको छ भने फिनिसिङमा प्रत्येक तल्लामा इट्टाका गाराहरु लगाउन, भर्‍याङमा रेलिङको काम, झ्याल ढोकाको काम, निर्माण भएको भ्यू टावरको वरिपरी माटो भर्नुपर्ने कार्य, भ्यू टावरको तला थपको कार्य लगायत अन्य मुख्य मुख्य कार्य गर्न बाँकी देखिएकोले उक्त भ्यु टावर तत्काल उद्देश्य अनुरुप संचालनमा ल्याउन सक्ने अवस्था देखिदैन यस्तो अवस्थामा कार्यस्वीकार गरिनु उचित देखिएन । पालिकाले अर्ध निर्मित भ्युटावर निर्माणका सम्वन्धमा जिम्मेवार पदाधिकारी तथा निर्माण व्यवसायीलाई थप जिम्मेवार वनाई आवश्यक निर्णय गरी उक्त भ्यू टावरलाई संचालनमा ल्याउनुपर्ने देखिन्छ।

६४.२ **ड्रङ्ग, डिजाइन र लागत अनुमान** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क१ अनुसार सार्वजनिक निकायले दफा ४ बमोजिमको विवरण र दफा ५ बमोमजिको लागत अनुमान तोकिए बमोजिम स्वीकृत गर्नुपर्ने तथा ५क२ अनुसार त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वभाविक लागत अनुमान तयार गरेको कारण खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानून बमोजिम कारवाहीको भागिदार हुने उल्लेख छ । पालिकाले उपरोक्त वर्जु भ्यूटावर निर्माण कार्यको लागि रु.२५२५२४४४।७८ को लागत अनुमान तयार गरी ठेक्का मार्फत कार्य गराउँदा उक्त भ्यू टवारको निर्माण कार्य पूर्ण रुपमा सम्पन्न नहुँदाको अवस्थामा विओक्यूमा रहेको परिमाण बमोजिमको कार्य भैसकेको देखिन्छ । पालिकाले उक्त निर्माण कार्यको लागि विस्तृतरुपमा अध्ययन नगरी लागत अनुमान तयार गरेकोले निर्माणका लागि आवश्यक आइमटमहरु समेत नराखी कार्य गराउँदा यो अवस्था सृजना भएको देखिएको हुँदा हाल उक्त निर्माण कार्य अपुरो रहेकोले संचालनमा ल्याउन सकिने अवस्था छैन । तसर्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७, ११८, १२५ लगायतका प्रावधान बमोजिम ठेक्का सम्झौता तथा स्वीकृत डिजाईन–ड्रइङ–स्पेसिफिकेसन विपरीत अधुरो वा तोकिएको उद्देश्यअनुरूप सञ्चालनमा ल्याउन नसकिने सार्वजनिक संरचना समेत कार्य सम्पन्न भएको भनी स्वीकार गरी प्रमाणित गर्ने वा काम स्वीकृति प्रदान गर्ने जिम्मेवार पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

६४.३ **अनुत्पादक लगानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १० मा आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल र उपलब्धि प्राप्त हुने तुलनात्मक बढी लाभ भएका र सामाजिक उच्च लाभ भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले बर्जु तालमा भ्यु टावर निर्माणको लागि कार्यस्वीकारको अवस्था सम्ममा रु.१८७३४२६४।४० खर्च गरेको छ । बर्जु तालको उचित संरक्षण गर्नुपर्ने अवस्था र पालिकामा अन्य भौतिक पूर्वाधार निर्माण गर्न अति आवश्यक भएको परीप्रेक्ष्यमा सिमित साधन प्रयोग गरी भ्यू टावर जस्तो उच्च लागतको तत्काल प्रतिफल नदिने योजनामा बजेट विनियोजन गर्दा तत्काल प्रतिफल नदिने भएकोले अनुत्पादक कार्यमा खर्च गरेको मनासिव देखिएन।

६५ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकीए बमोजिमको लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.२० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सिलबन्दी दरभाउपत्र तथा सो भन्दा बढी लागत अनुमान भएको कार्य खुला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले देहाय अनुसार रु.१४५२१४२८।- को निर्माण कार्य, निर्माण सामाग्रीको सप्लाई तथा खरिद कार्यको प्याकेज बनाई प्रतिस्पर्धाको माध्यमबाट कार्य गराउनु पर्नेमा सोझै खरिद गरेको देखियो । कार्यालयले खरिद नियमावलीमा भएको व्यवस्था अनुसार उपयुक्त प्याकेज बनाई प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्दछ ।

सि.नं.	योजनाको नाम	निर्माण सेवाकोनाम	ल.ई. रकम रु.	भुक्तानी रकम रु. (भ्याट सहित)
१	जयनगरटोलको कल्भर्ट देखि पश्चिम र धमना पुल देखि उत्तर ईस्लामपुर सम्मको बाटो मर्मतगर्ने काय	न्यु कालिका कन्स्ट्रक्सन	२९४२३५	२९४२३५
२	वडा नं. ६ दैताटोल स्थित रहेको राष्ट्रिय आधारभूत विद्यालयको भवनमर्मत संभार तथा वडा नं.६ शुक्रबारे हटियामा रहेको कमलाकोशीका मन्दिर निर्माणगर्ने काय	संसारी आर्किटेक्टस् एण्ड बिल्डर्स प्रा.लि.	७७९७९०	७७९७९०
३	भट्टा दासको घर देखि उत्तर जाने बाटो आर.सि.सि.ढलान र वडा नं. ४झोराछेउ जानेबाटो खोलामा होमपाईप कल्भर्ट निर्माण तथा बाटोमा माटो ग्राभेल गर्नेकार्य	ओमेगा मल्टी ट्रेड एण्ड कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि.	९८७०८८	९८७०८८
४	वडा नं. ३ को वडा कार्यालय देखि पश्चिम जाने सडकमा पुल चौडा गर्नेकार्य	श्री शिव पार्वती निर्माण सेवा	९८५१०४	९८५१०४
५	वडा नं. ५ सितागंज इलाका प्रहरी कार्यालयमा ट्वाइलेट र वाथरुमनिर्माण कार्य तथा वडा नं. ५ महेन्द्र आ.वि.को कम्पाउण्ड वाल र गेट निर्माणगर्ने कार्य	आर एस कन्स्ट्रक्सन	९९२२७४	९९२२७४
६	वडा नं.-४ मा बौद्ध गुम्बा निर्माण,गुम्बा आश्रम निर्माण तथा शिवमन्दिर जेष्ठ नागरिक धर्मशाला निर्माण गर्ने काम	श्री रिसब इन्जिनियरिङ सेवा प्रा.लि.	९९६०५५	९६४४०६
७	बर्जु५ कोशी आ वि मा बालमैत्री तथा अपाङ्गमैत्री शौचालय निर्माण	जय बाबा विश्वकर्मा निर्माण सेवा	८४३६९५	८४३६९५
८	वडानं. १ अन्तर्गत गुरुङ्ग बस्तीको नयाँ टोलमा पक्की नाला निर्माण गर्ने कार्य	बुढासुब्बा निर्माण सेवा	२३८४६२	२३८४६२
९	वडानं. ६ स्थित रहेको चिमडी मा.वि. खेलमैदानमा माटो पुरी सम्याउने काय	दिनेश निर्माण सेवा	४७६६४७	४७६६४७
१०	वडानं. २ मा रहेको कंगाली बाबा शिवदत्त मन्दिर निर्माण गर्ने कार्य	लक्ष्मी कन्स्ट्रक्सन	९५३९९७	९५३९९७
११	वडानं. ५ मा रहेको मदरसा नेदाउल इस्लाम छात्रावास पक्की घेरावेरा निर्माण गर्ने कार्य	एन्जल कन्स्ट्रक्सन प्रालि	१४७८४२	१४७८४२
१२	वडानं. ६ बर्जुताल स्थित रहेको बर्जु खेलमैदानको अधुरो चेन्जिङ्गरुम निर्माण र माटोपुर्ने कार्य	नरसिंहनाथ निर्माण सेवा	४८९९६२	४८९९६२
१३	वडानं. ६ स्थित रहेको बाघेश्वरी मन्दिर स्तरोन्नती तथा पूर्वाधार विकास गर्नेकार्य	बर्जु कन्स्ट्रक्सन प्रा.लि.	९५४०५५	९५४०५५
१४	वडा नं. १ तमु चौक स्थित रहेको हनुमान मन्दिर निर्माण गर्ने कार्य	बि.सि.बिल्डर्स प्रा.लि.	९५४२४२	९५४२४२
१५	वडा नं. १ रन्जनाको घर देखि दक्षिण बजारुको घर जाने बाटोआर.सी.सी.ढलान निर्माण गर्ने	दुर्गा बिल्डर्स	६६८४७१	६६८४७१
१६	वडानं. ५ विरेन्द्र चौक नहर उत्तर चिमडी पालटोल सम्मको नहरको बाटो ग्राभेल हाली मर्मत गर्ने कार्य	अली बिल्डर्स प्रा.लि.	९५४२७०	९५४२७०
१७	वडानं. ६ स्थित रहेको काली मन्दिर देखि पूर्व पक्की नाला निर्माण गर्ने कार्य	नरसिंहनाथ निर्माण सेवा	३९२००९	३९२००९
१८	वडानं. १ मा २ थान platformसहितको हयाण्ड पम्प,वडा नं. ३ मा २ थान platform सहितको हयाण्ड पम्प र वडा नं. ६ मा १ थानplatform सहितको हयाण्ड पम्प प्राविधिकल.ई अनुसार जडान	कोशी निर्माण सेवा	४९१७२७	४९१७२७
१९	पालिकास्तरीय टावर लाईट वडा नं. १ मा १ थान वडा नं. २ मा १ थान वडां.५ मा १ थान र वडानं.६मा १थान जडान जम्मा ४ थान	एडी ट्रेड एण्ड कन्सर्न	९९८९२०	९९८९२०

२०	वडानं. ५ सितागंज स्थित रहेको अधुरो नरनारी धार्मिक सामुदायिक भवन र जेष्ठ नागरिकसेवा मिलन केन्द्र भवन निर्माण गर्ने कार्य	शिवगंज निर्माण सेवा	९५४२३२	९५४२३२
	जम्मा		**१४५५३०७७**	**१४५२१४२८**

६६ **जिन्सी दाखिलाः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को दफा ९५ को उपदफा १ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारवाट प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले वडा नं ५ मिलन चौक स्थित खुल्ला व्यायमशालाको लागि कोटेशनवाट मन्त्र इनकर्पोरेशन प्रालि सँग रु.८४८२६३।– मा Ancho bolts plating for set up equipment (10 plates at 10 equipment) सामानहरु खरिद गरेकोमा उक्त सामान कार्यालयको जिन्सी खातामा दाखिला गरेको पाइएन । तसर्थ नियमावलीको व्यवस्था अनुसार उक्त पाट्र्स जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

६७ **संघीय समपुरक अनुदानको अनुपातः**

समुपरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को दफा ६(१) अनुसार नेपाल सरकारले समितिले छनोट गरेको आयोजना/कार्यक्रम कार्यान्वियनको लागि त्यस्तो आयोजना/कार्यक्रमको कुल लागत, आयोजना/कार्यक्रमको प्रकृति, आयोजना/कार्यक्रम कार्यान्वियन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, आयोजना/कार्यक्रम कार्यान्वियनबाट हुनक्ने उपलब्धि, आयोजना/कार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानीयह तहलाई कुल लागतको अधिकतम पचास प्रतिशत सम्म रकम समपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले ठेक्का नं.०३।२०८१।८२ साहेबगञ्ज बुढी खोला देखि वर्जु ३ हुदै विराटनगरसम्म जोड्ने सडक कालोपत्रे कार्य वापत निर्माण व्यवसायी श्री निशान-देव-निकिता एण्ड जे.भि.लाई पेश्की रकम रु.६१७६४७२।– संघीय सरकारको रकमवाट मात्रै दिएकोमा समुपरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को दफा ६(१) को प्रावधान विपरित रु.३०८८२३६।- संघीय सरकारको मात्र भुक्तानी भएकोले पालिकाको अंश भुक्तानी नभएकोले बढी भुक्तानी भएको रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३०,८८,२३६

६८ **प्रदेश समपुरक अनुदानको अनुपातः**

कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जारी गरेको प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को वुँदा नं ४(२)मा छनौट भएका आयोजनामा प्रदेशले वढिमा ६५ प्रतिशत लागत साझेदारी र बाँकी स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं.३ ने.रा. शिव मावि स्कूल मोड देखि फारम चोकसम्म र वडा नं ३ थल बहादुरको घर देखि वर्जु ४ सम्म सडक कालोपत्रे निर्माण कार्यको रकम भुक्तानी गर्दा प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को प्रावधान विपरित प्रदेश सरकारको लागत साझेदारी ६५ प्रतिशत भन्दा बढी भएकोले प्रदेश सरकारबाट बढी भुक्तानी भएको रकम प्रदेश संचित कोष दाखिला गर्नुपर्ने रु.

ठेक्का नं.	योजनाको विवरण	निर्माण व्यवसायी	प्रदेश सरकारको खर्च	गाउँपालिकाको खर्च	जम्मा भुक्तानी	गाउँपालकाको हुनुपर्ने योगदन रकम	अपुग रकम
०५।२०८१।८२	सडक कालोपत्रे	जोशिला निर्माण सेवा प्रालि	६०९२५६१	१५४००००	७६३२५६१	२६७१३९६	११३१३९६

प्रमाण पेश नगरेको	११,३१,३९६

६९ **सडक वोर्डलाई फिर्ताः**

स्थानीय सडक मर्मत सम्भार कार्यक्रम कार्यान्वियन (कालोपत्रे र खण्डास्मिथ) बुँदा १ मा कुनै पनि स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने सडक मर्मत संभारका लागि कुल लागतको कम्तिमा गाउँपालिकाले २० प्रतिशत बराबरको रकम समपुरक कोषको रुपमा व्यहोर्नुपर्ने उल्लेख छ । पालिकाले सडकबोर्ड वाट रु.२० लाख प्राप्त गरी पालिकावाट रु.५ लाख व्यहोर्ने गरी रु.२५११९४७५।– को लागत अनुमान तयार गरी वडा नं ५ र ६ को सिमानामा पर्ने बाटो निर्माण कार्यको लागि न्यु जाल्पा कन्स्ट्रक्सनसँग रु.१६२६३३३।– को सम्झौता गरी रु.१४३४८४०।– को कार्यसम्पन्न गराएको छ । उक्त खर्च रकममा नियमानुसार पालिकाले व्यहोर्नुपर्ने रु.२८६९६८।– अनुपातिक रुपमा अंश व्यहोरेको नपाइएकोले उक्त रकम सडक वोर्डलाई फिर्ता गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	२,८६,९६८

७० **जटिलसंरचना निर्माण (सडक वोर्ड)**

जटिलसंरचना निर्माण (सडक वोर्ड) : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले जटिल प्राविधिक पक्ष समेत समावेश हुने दुहवी सीमानावाट वैरिया हटियासम्म नहर सडक स्तरोन्नतीको निर्माण कार्य व्यावसायीक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउनु पर्नेमा उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्यगराइ रु २३५००००। खर्च लेखेको पाइयो। नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

७१ **उपभोक्ता समिति परिचालन सम्बन्धमा**

७१.१ आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरीएका कुनै पनि योजना सम्वन्धीत समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरेको छैन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्नुपर्दछ।

७१.२ खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धीत सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

७१.३ जटिल संरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

७१.४ मर्मत सम्भार कोष - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार

कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरीने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएकोले निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरीनुपर्दछ ।

७२ **लगत कट्टा भएका व्यक्तीको भत्ता निकासाः**

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तीको मृत्यू भएमा वा त्यस्तो सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीवाट हटाई लगत कट्टा भएको दिनदेखी भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले त्रैमासिक भत्ता वितरण गर्दा देहाएका व्यक्तीको लगत कट्टा पश्चात पनि भत्ता निकासा गरेको र वैङ्कले पठाएको फिर्ताको विवरणमा पनि फिर्ता नभई जम्मा भएको देखिएकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

वडा नं	नाम	किसिम	लगत कट्टा भएको मिति	कुल भुक्तानी	हुनुपर्ने भुक्तानी	वढी भुक्तानी	कैफियत
३	देवकिशुन गुरुङ (१९८९०१२५०००५७)	अ. जे. ना.	२०८१।०९।२१	१२०००	०	१२०००	तेस्रो त्रैमासिकमा निकासा
२	सिलो देवी धामी (२००४०९२१०००५६)	अ. जे. ना.	२०८१।०९।१६	१२०००	०	१२०००	तेस्रो त्रैमासिकमा निकासा
१	सावित्रा देवी कामत (२०१०१२०७००१०६)	अ. जे. ना.	२०८१।०६।२६	१२०००	०	१२०००	दोस्रो त्रैमासिकमा निकासा
	जम्मा					३६०००	

असुल गर्नुपर्ने	३६,०००

७३ **राजस्व असुली**

नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकार क्षेत्रका विषयहरुको व्यवस्था गरिएको छ। पालिकाले आन्तरिक आयको संकलन गर्न विभिन्न क्षेत्रगत शिर्षकमा प्रक्षेपण गरेतापनि पालिका र पालिका अन्तर्गतका वडाहरुले प्रस्तावित आय संकलन गर्न सकेका छैनन्।वडाहरुले उठाउने सिफारिस दस्तुर, मालपोत कर लगायतका अन्य स्रोतहरु पूर्ण रुपले उठाउने गरेको नपाइएकोले राजश्व असूलीलाई भरपर्दो एवं यथार्थपरक बनाउन राजश्व संकलनमा जोड दिनुपर्दछ।

७४ **हाटबजार संचालन तथा व्यवस्थापन**

पालिका भित्र विभिन्न मितिमा सार्वजनिक स्थलमा हाटबजार लाग्ने गरेकोमा ती हाटबजारलाई व्यवस्थित ढङ्गले ठेक्का लगाई संचालन एवं व्यवस्थापन गरि आन्तरिक आय संकलनमा जोड दिनुपर्नेमा यस वर्ष वडा नं १ र ५ वडाको मात्र हाट वजार ठेक्का कवोल भइ रु १०५००० दाखिला गर्न वाकी रहेकोले असूल गरि दाखिला हुनुपर्ने रु

ठेकेदारको नामा	आयको नाम	कवोल अंक	दाखिला रकम	असुल गर्न बाँकी रकम
सुरेन्द्र कुमार मेहत	रामगञ्ज वेलगछिया हटिया ठेक्का वडा नं १	१६५०००	१५००००	१५०००
प्रमोद कुमार शर्मा	आमाहिवेल्हा मिलन चोक वडा नं ५	९००००	०	९००००
जम्मा				**१०५०००**

असुल गर्नुपर्ने	१,०५,०००

७५ आय ठेक्कामा मूल्य अभिबृद्धि कर

मूल्य अभिबृद्धि कर ऐन २०५२, को दफा १५ (३) मा मूल्य अभिबृद्धि कर नलाग्ने बस्तु वा सेवा बिक्रि गर्दा मूल्य अभिबृद्धि कर असुल उपर गनुपर्ने ब्यबस्था छ । यस्तो कर वेदर्तावालवाट सङ्कलन गरिने राजस्व शिर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्नेमा यस बर्ष देहायको आय ठेक्कामा ऐन वमोजिम लाग्ने मूल्य अभिवृद्धि कर सम्बन्धितबाट असूल गरी दाखिला नगरेकोले ऐनको उल्लेखित ब्यबस्था वमोजिम रु ५९२१५ असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु

सि.नं.	ठेकेदारको नाम	बिबरण	सम्झौता रकम	मु.अ.कर रकम
१	सुरेन्द्र कुमार मेहत	रामगञ्ज वेलगछिया हटिया ठेक्का वडा नं १	१६५०००	२१४५०
२	प्रमोद कुमार शर्मा	आमाहिवेल्हा मिलन चोक वडा नं ५	९००००	११७००
३	निर कुमार चौधरी	वर्जुताल क्षेत्रको पूर्वपट्टिको पोखरी माछा ठेक्का	२००५००	२६०६५
जम्मा				५९२१५

असुल गर्नुपर्ने	५९,२१५

७६ सटर भाडा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(घ) मा स्थानीय तहले कर, सेवा शुल्क तथा दस्तुर उठाउन सक्ने व्यवस्था भएकोमा पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सटरहरुको विवरण संकलन गरी व्यवस्थित अभिलेख राख्नुका साथै उक्त सटरहरुको ठेक्का लगाई आन्तरिक आयमा बृद्धी गर्नु पर्नेमा विगत वर्ष देखि नै सटर भाडा लगाइ आम्दानी गरिरहेकोमा यस वर्ष वैक रहेको सटर वाहेक अन्य सटरको भाडा असुल गरेको पाइएन सटर भाडा लगाइ आय वृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ।

७७ राजस्वको लेखाङ्कन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजश्व लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। राजश्व प्राप्तिको विवरण अनुसार पालिकाले रु.१०३११९४० आम्दानी देखाएको रकमको गोश्वारा भौचर, रसिद नियन्त्रण खाता लगायत म.ले.प. फारामहरु दैनिक आम्दानी टिपोट,दैनिक दाखिला, मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन।कतिपय राजश्वहरु एउटै शिर्षकमा समेत दाखिला भएको, राजश्व आम्दानीमा प्रयोग हुने फारमहरु प्रयोग नगरी एकमुष्ट राजश्व आम्दानी देखाउदा आर्थिक विवरणमा देखाएको आम्दानीको यथार्थता एकीन गर्न सकिँदैन। राजश्व आम्दानीमा प्रयोग हुने सम्पूर्ण म.ले.प. फारमहरु प्रयोग गरी राजश्व आम्दानीको अभिलेखलाई थप व्यवस्थित र प्रभावकारी वनाउनुपर्दछ।

७८ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिहरुबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाको आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख तयार नगरेकोले यस वर्ष व्यवसाय कर शिर्षकमा रु. १६५०००० अनुमान गरेकोमा रु ४०४४०० मात्र उठाएको छ। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

७९ सार्वजनिक पोखरी

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ वमोजिम पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सार्वजनिक पोखरीहरुको एकिन गरी उक्त पोखरीहरुमा आय ठेक्का लगाई आन्तरिक आयमा बृद्धी गर्नुपर्दछ ।विगत वर्षहरुमा बर्जुताल माछा विक्रि आम्दानीको मुख्य श्रोत भएकोमा यस वर्ष पालिकाले ठेक्का लगाएकोमा वर्जुताल क्षेत्रको पूर्वपट्टिको पोखरीको मात्र ठेक्का लागि वाकी क्षेत्रको ठेक्का नलागी आम्दानी न्यून रहेको छ। अत: पालिकाले आफ्नो क्षेत्र भित्र रहेका सार्वजनिक पोखरीहरुको विवरण संकलन गरी व्यवस्थित अभिलेख राख्नुका साथै उक्त पोखरीहरुको आय ठेक्का लगाई आन्तरिक आयमा बृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ।

८० वडा राजस्व

८०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित

ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु. ८१३१८३ कम दाखिला गरेको पाइयो । अत: दाखिला गर्न वाकी देहायको रकममा सो रकमको दश प्रतिशतका दरले जरिवाना गरि सो समेत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु..

वडा नं	**आम्दानी रकम**	**दाखिला रकम**	**दाखिला बाँकी**
१	५४९३९०	३९६७४१	१५२६४९
२	८८८०९५	७१३०५४	१७५०४१
४	९०५०६६	६९६३९५	२०८६७१
५	१४२१७६४	१२५२९४२	१६८८२२
वर्जु तालको प्रवेश शुल्क	३८३५६०	२७५५६०	१०८०००
जम्मा			८१३१८३

असुल गर्नुपर्ने	८,१३,१८३

८०.२ **ढिला दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ (४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुमध्ये कतिपयले मासिक रुपमा र कतिपयले २, ३ महिना तथा लामो समय पछि दाखिला गर्ने गरेको पाइयो। यसरी समयमा राजश्व रकम दाखिला नगर्दा राजश्व रकमको दुरूपयोग भई आन्तरिक आय घट्ने हुदाँ समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बर्जु गाउँपालिका, सुनसरी , बर्जु गाउँपालिका , सुनसरी

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	रविन्द्र कुमार महत	२०८१-०९-२२	हाल सम्म कार्यरत
लेखा प्रमुख	विप्लव घिमिरे	२०७९-६-११	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,२६२,६००	६,३६०,४०६	१२,०१३,२९७	०	०	१,२४३,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२१,८७९,३०३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२१,८७९,३०३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४८४०२९८८.०७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३०३९३३३७२	चालु खर्च	२८८३६५४३५.४
प्रदेश सरकारबाट अनुदान	३३७६००००	पूँजीगत खर्च	१३८९८५६५०.७
राजश्व बाँडफाँट	८७८३३८५१.९५	वित्तीय/अन्य व्यवस्था	१५१९३७०७५.२
आन्तरिक आय	२१५१७३८८.१४		
अन्य आय	१२६८९८७४७		
कुल आय	५७३९४३३५९.०९	कुल खर्च	५७९२८८१६१.३
बाँकी मौज्दात		४३०५८१८५.८६	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

वित्तीय विवरणः

आ.व.: २०८१/८२ अवधी: २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.व.को कारोबार			गत आ.व.को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति							
११०००	कर		१०३०८५५१७.७७	०	१०३०८५५१७.७७	१००१९२०८७.६५	०	१००१९२०८७.६५
१३०००	अनुदान		३१३८५६८५०.८२	०	३१३८५६८५०.८२	३०६०६२५११.७९	०	३०६०६२५११.७९
१४०००	अन्य राजस्व		६२६३१४३.७७	०	६२६३१४३.७७	१०२३६१८९.४५	०	१०२३६१८९.४५
१५०००	विविध प्राप्ति		२६९४२१.	०	२६९४२१.	१०५१२०.	०	१०५१२०.
क	**कुल जम्मा प्राप्ति**		४२३४७४९३३.३६		४२३४७४९३३.३६	४१६५९५९०८.८९		४१६५९५९०८.८९
३	चालु		२८८३६५४३५.३८	०	२८८३६५४३५.३८	२९९०७१७२६.७२	०	२९९०७१७२६.७२
२१०००	पारिश्रमिक / सुविधा		१६५९६०२४८.५२	०	१६५९६०२४८.५२	१५८४४९१५३.९७	०	१५८४४९१५३.९७
२२०००	मालसामान तथा सेवाको उपयोग		१०११३९६२७.८६	०	१०११३९६२७.८६	११८२४३८२०.७५	०	११८२४३८२०.७५
२५०००	सहायता (Subsidy)		१८३३१६३.	०	१८३३१६३.	२१०२६०७.	०	२१०२६०७.
२६०००	अनुदान		१५२९०३४८.	०	१५२९०३४८.	१४९८३३५९.	०	१४९८३३५९.
२७०००	सामाजिक सुरक्षा		३३२०६१६.	०	३३२०६१६.	४८९५३८६.	०	४८९५३८६.
२८०००	अन्य खर्च		८२१४३२.	०	८२१४३२.	३९७४००.	०	३९७४००.
४	पूंजीगत		१३८९८५६५०.६९	०	१३८९८५६५०.६९	१५२०६६८१४.५४	०	१५२०६६८१४.५४
३१११०	भवन तथा संरचना		२५६०४६१.	०	२५६०४६१.	४३५००००.	०	४३५००००.
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स		५४८१९२९.	०	५४८१९२९.	३१६२६७०.	०	३१६२६७०.
३११३०	अन्य पूँजीगत खर्च		३०००००.	०	३०००००.	५९११३१.	०	५९११३१.
३११५०	सार्वजनिक निर्माण		१३०६४३२६०.६९	०	१३०६४३२६०.६९	१४३९६३०१३.५४	०	१४३९६३०१३.५४
ख)	**कुल जम्मा भुक्तानी**		४२७३५१०८६.०७		४२७३५१०८६.०७	४५११३८५४१.२६		४५११३८५४१.२६
ग)	**बचत/कमी (ग = क-ख)**		-३८७६१५२.७१		-३८७६१५२.७१	-३४५४२६३२.३७		-३४५४२६३२.३७
घ)	**धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**		-१२०१८०७.०१		-१२०१८०७.०१	६१०११३२.३९		६१०११३२.३९
घ.१)	**कट्टीरकम भुक्तानी/**							

	दाखिला गर्न बाकी									
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		-५०७७९५९.७२		-५०७७९५९.७२	-२८४४१४९९.९८		-२८४४१४९९.९८		
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		४८४०२९८८.०७		४८४०२९८८.०७	७७०९६५५३.७४		७७०९६५५३.७४		
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन									
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		४३३२५०२८.३५		४३३२५०२८.३५	४८६५५०५३.७६		४८६५५०५३.७६		

बेरूजु दफा ३५ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.स.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपुर्ती	करार/ राहत/ अन्य	जम्मा विद्यार्थी सख्या
१	श्री नवदुर्गा मा.वि. बर्जु १	९	८	३	४८८
२	श्री लक्ष्मी आवि बर्जु १	४	४	१	१२१
३	श्री रामसीता मावि बर्जु २	२३	२२	०	८८५
४	श्री नवज्योति आवि बर्जु २	७	७	१	२४३
५	श्री सार्वजनिक राष्ट्रिय आवि बर्जु २	५		२	२४५
६	श्री नेराशिव मावि बर्जु ३	१०	९	५	५१४
७	श्री सरस्वती आवि बर्जु ३	६	६	२	१७९
८	श्री अमडुवा फारम आवि बर्जु ३	४	४	२	२१०
९	श्री जनकल्याण मावि बर्जु ४	८	८	४	३७३
१०	श्री गौतमबुद्ध आवि बर्जु ४	०	०	०	८२
११	श्री दिक्षा आवि बर्जु ४	२	२	२	१२७
१२	श्री शिव आवि बर्जु ४	४	४	०	१०२
१३	श्री नेरामावि बर्जु ५	१९	१८	२	७२९
१४	श्री कोशी आवि बर्जु ५	४	४	४	१२४
१५	श्री रामजानकी आवि बर्जु ५	३	३	२	११४
१६	श्री महेन्द्र आवि बर्जु ५	२	२	१	७९
१७	नेदाउल इस्लाम मदरसा बर्जु ५	१	१	१	१३७
१८	मिल्लत पब्लिक स्कूल बर्जु ५	०	०	०	१५८
१९	श्री मावि चिमडी बर्जु ६	१४	१४	८	६०३
२०	श्री चिमडी आवि बर्जु ६	३	३	२	११५
२१	श्री पुर्णदेवी आवि बर्जु ६	१	१	०	११०
२२	श्री राष्ट्रिय आवि बर्जु ६	७	६	२	१८६
२३	श्री मजदुर आवि बर्जु ६	०	०	०	६३
२४	श्री फारम आवि बर्जु ५	०	०		७०
२५	श्री लेखनाथ आवि बर्जु ४	४	३	१	७८
२६	श्री जनता आवि बर्जु ३	४	४	१	११७
२७	श्री सार्वजनिक राष्ट्रिय आवि बर्जु ५	४	४	१	२०६
		१४८	१४२	४७	६४५८

सि.नं.	योजनाको नाम	ठेक्का नं.	निर्माण कम्पनीको नाम	लागत अनुमान (ल.ई.) रकम रु. (भ्याट र पि.एस सहित)	सम्झौता रकम रु. (भ्याट र PS सहित)	घटी प्रतिशत
1	Krishi Bazzar Nirman ,Ward-6, Chimadi (कृषि बजार निर्माण वडा नं. -६,चिमडी)	BRM/SUNSARI/SQ/WORKS/01/2081/082	दिनेश निर्माण सेवा,बर्जु-६,सुनसरी।	1998825.09	1320519.64	33.94
2	Construction of Ram Janaki mandir kuti toilet, RCC road and Construction of Business shuter at Faram chowk ward no. 3 (वडा नं. ३ फारम चौकमा व्यापारिक स्टर निर्माण गर्ने काम र वडा नं. ३ रामजानकी कुट्टीमा शौचालय निर्माण तथा सडक आर सि.सि.ढलान	BRM/SUNSARI/NCB/WORKS/01/2081/082	Jai Baba Bishwakarma Nirman Sewa, Barju-3 ,Sunsari	4758970.33	3235650.65	32.01
3	Construction of existing school building finishing work of Nav Jyoti Aa. Vi, Barju-2 and Saraswati Aa. Bi ward 3 (बर्जु-२ नवज्योती विद्यालयको माथिल्लो तल्ता फिनिसिङ्ग र बर्जु-३ सरस्वती आ.वि.	BRM/SUNSARI/NCB/WORKS/02/2081/082	Sangam Builders And Engineering Pvt. Ltd. Tokha-11	2598262.88	1565177.87	39.76

	भवन फिनिसिङ्ग गर्ने कार्य)					
4	Asphalt Concreting of Barju Gaupalila ward-4 Sahebgunj Budikhola Dekhi Barju-3 hudai Biratnagar Samma Jodne Bato	BRM/SUNSARI/NCB/WORKS/03/2081/082	Nishan -Dev- Nikita and Raj Jv, New Baneshwor	52103607.50	35,567,484.34	31.74
5	Construction of existing Ne. Ra. Ma. Vi. Barju-5 and Mul sadak dekhi purva Ram Ku. Chaudhary ko ghar jane bato RCC Dhalan (बर्जु-५ ने.रा.मा.वि. भवन फिनिसिङ्ग र मुल सडक देखि पूर्व राम कुमार चौधरीको घर सम्मको बाटो आर.सि.सि. ढलान,बर्जु-५)	BRM/SUNSARI/NCB/WORKS/04/2081/082	Sansari Architects and Builders Pvt.Ltd.,Inaruwa-1,sunsari	2799793.26	1805298.17	35.52
6	Asphalt Concreting of Nirashi School mod Dekhi Faram Chowk Samma Wada 3 and Thal Bahadur ko Ghar Dekhi Barju Wada no.-4 ko Simana Jane Bato (वडा नं. ३ ने.रा शिव मा.वि.	BRM/SUNSARI/NCB/WORKS/05/2081/082	जोशीला निर्माण सेवा प्रा.लि.विराटनगर-१३,मोरङ्ग।	25752170.19	18150747.52	29.52

	स्कूल मोड देखि फारम चौक सम्म र वडा नं. ३ थल बहादुरको घर देखि बर्जु बडा नं. ४ सम्म जाने सडक बाटो कालोपत्रे निर्माण गर्ने कार्य)					
7	Charkal chowk purb Jane Bato Ra Raytolko Bato RCC Dhalan Garne Karya tatha Ramsita ma. Vi. Bhawan nirman garne karya wada no.-2 बर्जु-२ चारकल चौक पूर्व जाने बाटो RCC ढलान र बर्जु-२ को रायटोलको बाटो RCC ढलान तथाबर्जु-२ रामसीता मा.वि.भवन फिनिसिङ्ग)	BRM/SUNSARI/NCB/WORKS/06/2081/082	Yadav Group of Companies Pvt.Ltd. Barju-4, Sunsari.	4293007.84	3028059.22	29.47
8	Asphalt Concreting of Barju 6 chhitaha dakshin petrol pump samma ko bato (वडा नं. ६ छिटाहा दक्षिण पेट्रोल पम्प सम्मको सडक/बाटो कालोपत्रे)	BRM/SUNSARI/NCB/WORKS/07/2081/082	Jai Baba Bishwakarma Nirman Sewa, Barju-3 ,Sunsari	10528961.45	8085769.76	23.20
9	Barju R.M	BRM/SUNSARI/NCB/WORKS/08/2081/082	sibgunj Nirman sewa,	3253729.37	2362772.71	27.38

	wada 1,2,3 ko Dalit Haruko aawas Bhawan Nirman		Bhokhra-5,Sunsari			
10	Construction of existing school building in RamSita Ma Vi Barju-2	BRM/SUNSARI/NCB/WORKS/8/2081/082	Sunsari Architects and Builders Pvt.Ltd. Inaruwa-1,sunsari	2575896.42	1833129.52	28.84
11	Barju 5,6 ko simmana dekhi nahar ko bato paschim ko bato staronnati.	BRM/SUNSARI/NCB/WORKS/9/2081/082	new Jalpa construction	2519475.56	1626333.5	35.45
12	Sakhuwagachhi sadak and Karn Gurung ko ghar dekhi Paschim jane bato RCC dhalan	BRM/SUNSARI/NCB/WORKS/10/2081/082	Sunsari Architects and Builders Pvt.Ltd. Inaruwa-1,sunsari	15078637.54	8798056.91	41.65
13	Barju 5,Muslim Tol ko Sadak kaloptre	BRM/SUNSARI/NCB/WORKS/11/2081/082	Jai Baba Bishwakarma Nirman Sewa, Barju-3 ,Sunsari	8244378.42	6427436.315	22.04

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।